# विषयसुचि


क. App Usage (एप युसेज) नामक एप प्रयोग गरेर ट्याबलेट प्रयोग सम्बन्धि डाटा पठाउने तरिका (१-११)

ख. Victron Connect (भिक्ट्रन कनेक्ट) नामक एप प्रयोग गरेर सोलार सम्बन्धि जानकारी पठाउने तरिका (१२-२८)

१) "Victron Connect" एप्प इन्स्टल गर्ने तरिका
२) "Victron Connect" बाट सोलार डाटा पठाउने

ग. ODK Collect (ओ.डी.के. कलेक्ट) नामक एप बाट फारामहरू भर्ने तरिका (२९-३४)

घ. गुगल सिट प्रयोग गरेर हब प्रयोगकर्ताहरूको हाजिरी राख्ने तरिका (३५ - ४२)

ङ. गुगल मिट प्रयोग गर्ने तरिका (४३-४४)

च. हबको ट्याबलेटमा रहेका विभिन्न एपहरूको जानकारी (४५-५८)

# छ. हबको बिधुतिय प्रणाली को जानकारी (५९-६१)

१) विविध शब्दावलीहरू को परिचय

# ज) विधुतिय परिपथ तथा सर्किटको रेखाचित्र (६२)

# झ) बिधुतिय परिपथमा देखिन सक्ने केहि सम्भावित समस्या र तिनका समाधानका उपायहरू (६३-७२)

१ ) LOOSE WIRE (लुज वायर ) [ खुकुलो तार ]
२) Open Circuit (ओपन सर्किट) [खुल्ला बिधुतिय परिपथ]
३) Short Circuit - सर्ट सर्किट
४) एम.पी.पी.टि(MPPT) को एल.इ.डी (LED) बत्तिको संकेतहरू

# ञ) सोलार को भोल्टेज जाँच गर्ने तरिका (७३-७६)

# ट) ब्याट्रिको भोल्टेज जाँच गर्ने तरिका (७७-७९)

# ठ) लोडको भोल्टेज जाँच गर्ने तरिका (८०-८१)

# ड) इन्टरनेटको समस्या र समाधानहरू (८२-८९)

१) इन्टरनेटको गति (ढिलो चलिराखेको छ कि छिटो) कसरि थाहा पाउने ?
२) राउटर को बत्तिको संकेत
३)इन्टरनेट सेवा प्रदानगर्ने संस्थाको समस्या

# ढ) हबमा चट्याङ परिसके पछि के गर्ने ? (९०-९६)

१) हबमा बत्ति आइराछ की छैन हेर्ने।
२) धेरै जलिरहने ठाउमा पहिले हेर्ने। धेरै जलिरहने ठाउहरु निम्नानुसार छन्:


- Surge Protector
- एस पी डी (SPD)
- राउटर (Router)
- एम पी पी टि (MPPT)
- एम सी वि (MCB)
- एन्टिना (Antenna)
- टर्मिनल ब्लक (Terminal Block)

# क. App Usage (एप युसेज) नामक एप प्रयोग गरेर ट्याबलेट प्रयोग सम्बन्धि डाटा पठाउने तरिका






- यो एपको नाम **"App Usage"(एप युसेज)** हो। यो एप लाई तपाईंको समुदायमा रहेको ट्याब्लेटहरु के कतिको प्रयोग भैरहेको छ भन्ने जानकारी लिन प्रयोग गर्न सकिन्छ । तपाईँको समुदायमा रहेको ट्याबलेटहरूमा कुन एप कति समयसम्म चलाइएको छ भन्ने जानकारी यस एप मार्फत लिन सकिनेछ।
- दिनमा कति घण्टा मोबाइल वा ट्याब्लेट चलाईएको छ ।
- कुन कुन एप धेरै समय चलाइएको छ र कुन एप कम समय चलाइएको छ लगायतका कुराहरू यो एप द्वारा थाहा पाउन सकिन्छ ।
- तपाईं अर्थात हबको सि.एस.ओ. [CSO] ले हबमा रहेको ट्याबलेटमा रहेको App Usage नामक एप प्रयोग गरेर हरेक महिनाको **१५ तारिख** र **अन्तिम दिन**मा डाटा पठाउनु पर्ने हुन्छ।
- यो एप कसरि प्रयोग गर्न भन्ने बारे जान्न तलको प्रक्रियाहरु हेर्नुहोस्।

१)




- तपाईंहरुले ट्याब्लेटमा "App Usage" (एप युसेज) खोज्नुहोस् र उक्त चित्रमा थिची त्यो एपलाई खोल्नुहोस् ।

<table>
<tr><td>१.१)</td><td>२)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ यदि एप खोल्दा यस्तो खालको मेसेज आयो भने<br>➔ “Don’t ask again” मतलब “फेरी न सोध” को बक्समा थिच्नुहोस् र "CLOSE" (क्लोज) मतलब "बन्द” लेखेको ठाउँमा थिच्नुहोस्।</td><td>➔ एप खुलेपछि यस्तो होम स्क्रिन आउँछ।<br>➔ माथिल्लो भागको बायाँपट्टिको तिनओटा सेतो रेखा भएको ठाउँमा थिच्नुहोस् । त्यो तिनओटा रेखा/लाइनको चित्रले “Menu” (मेनु) जनाउँछ।</td></tr>
</table>


<table>
<tr><td>३)</td><td></td></tr>
<tr><td>
</td><td>➔ “Menu” (मेनु) खुलेपछि “Monthly” लेखेको ठाउँमा थिच्नुहोस्। “Monthly” को मतलब “मासिक” हुन्छ ।</td></tr>
</table>

४)




➔ अब “Usage history” को स्क्रिनमा माथिल्लो भागको दायाँ पट्टि भएको ३ वटा सेतो थोप्लो मा थिच्नुहोस् । यसले विकल्पहरु निकाल्छ ।

५)




➔ निक्लेको विकल्प हरु बाट तपाइले **“Export as CSV” (एक्सपोर्ट एज सी.एस.भी)** लेखेको ठाउँ मा थिच्नुहोस् ।

६)




➔ अब तपाईं “Export as CSV” लेखिएको स्क्रिन मा पुग्नुहुन्छ ।

➔ यहाँ तपाईंले **“Begin” (बिगिन)** देख्न सक्नुहुन्छ जसको अर्थ सुरुवात हो र अर्को तर्फ **“End” (इन्ड)** देख्न सक्नु हुन्छ जसको अर्थ अन्त्य हो ।


➔ **“Begin”(बिगिन) र “End” (इन्ड)** मा त्यस दिनको मिति ( महिना, तारिख र वर्ष )लेखिएको हुन्छ ।

७)





➔ बिचको **"Begin"** मा त्यहाँ दाया तिर आजको तारिख/मिति दिईएको हुन्छ, त्यहाँ थिच्नुहोस्। त्यहाँ थिचिसके पछि पात्रो खुल्छ।

८)




➔ पात्रोमा जहिले पनि आजको मिति मा निलो गोलो लागेको हुन्छ। तपाईंले महिनाको सुरुवात मतलब **१ (एक)** तारिखमा थिच्नुहोस।

९)




➔ एक तारिकमा थिच्नु भएपछि त्यहाँ निलो गोलो आउँछ। त्यसपछि तल पट्टिको **"OK"** मा थिच्नुहोस्।

१०)





- ➔ अब **“Begin”(बिगिन) को** दायाँपट्टि को तारिख मिलेको छ कि छैन एक चोटी जाच्नुहोस् ।
- ➔ यस महिनाको **१ (एक)** तारिख लेखेको हुनुपर्छ ।
- ➔ यदि एक तारिख देखिएको छैन भने **“७” नम्बर** देखि फेरी प्रक्रिया दोहोराउनुहोस् ।
- ➔ यदि मिलेको छ भने प्रक्रिया **नम्बर ११)** तिर लाग्नुहोस ।

११)








- ➔ अब तलको **“OK” (ओ.के)** लेखेको बटनमा थिच्नुहोस् ।


११.१)








- ➔ कहिले काही **“OK” (ओ.के)** थिचिसकेपछि यस्तो खालको मेसेज आउन सक्छ ।
- ➔ यो मेसेज बिज्ञापन हेर्नको लागि हो । यस्तो मेसेज आयो भने तपाइले **“WATCH VIDEO” (वाच भीडियो)** मा थिच्नुहोस् ।
- ➔ त्यसपछि बिज्ञापनको भीडीयो सुरु हुन्छ । ३०-४० सेकन्ड पछि **“X” वा “CLOSE” (क्लोज)** लेखेको ठाउँ खोज्नुहोस र थिच्नुहोस ।


<table>
<tr><td>१२)</td><td>१३)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ अब तलपट्टि “SHARE” (शेयर) लेखेको बटनमा थिच्नुहोस् । यसले डाटा पठाउने विकल्पहरु देखाउँछ ।</td><td>➔ विकल्पहरु बाट तपाईंले खाम जस्तो चित्र भएको “Gmail”(जी-मेल) मा थिच्नुहोस । त्यसपछि जी-मेल एप खुल्छ ।</td></tr>
</table>


<table>
<tr><td>१४)</td><td>१५)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ तल चित्रमा देखाएको जस्तो फाइल(FILE) छ कि छैन हेर्नुहोस।<br>➔ यदि छैन भने फेरी ३ नम्बर देखि सुरु गर्नपर्ने हुन्छ। यदि छ भने नम्बर १५ मा जानुहोस्।</td><td>➔ अब “To” (टु) को दाया पट्टिको खालि ठाउँमा थिच्नुहोस्। त्यहाँ अब एउटा निलो रङ्गको लट्ठी जस्तो पिल पिल गर्न थाल्छ। यसको मतलब अब तपाईंले टाइप गर्न सक्नुहुन्छ भन्ने हो।<br>➔ यसै साथ मोबाइल वा ट्याब्लेटको किबोर्ड पनि खुल्छ।</td></tr>
<tr><td></td><td></td></tr>
</table>



| १६) | |
|---|---|
|  | ➔ " **To" (टु)** मा तपाईँले जसलाई पठाउन खोज्नु भएको हो त्यस ईमेल एड्रेस / ठेगाना टाइप गर्नुपर्दछ।<br>➔ तपाईँले अब किबोर्डमा **"r "(आर)** टाइप गर्नुहोस्। त्यसपछि **"rabiraj@projecthelloworld"** को कार्टुन सहित को चित्र देखाउछ त्यहाँ थिच्नुहोस्<br>➔ यदि नदेखाएमा [rabiraj@projecthelloworld.org](mailto:rabiraj@projecthelloworld.org) टाइप गर्नुहोस् । |

| १७) | १८) |
|---|---|
|  |  |
| ➔ अब किबोर्डमा **"s" (एस)** टाइप गर्नुहोस्। "**saugat@projecthelloworld.org**" भनेर विकल्प आउँछ त्यसमा थिच्नुहोस अथवा [saugat@projecthelloworld.org](mailto:saugat@projecthelloworld.org) टाइप गर्नुहोस्। | ➔ अब किबोर्डमा **"d" (डी)** टाइप गर्नुहोस्। त्यसपछि **"dil@projecthelloworld.org"** भनेर विकल्प आउँछ त्यसमा थिच्नुहोस् वा टाइप गर्नुहोस् । |

| १९) | २०) |
|---|---|
|  |  |
| ➔ अब **“Subject” (सब्जेक्ट)** मा थिच्नुहोस्। सब्जेक्ट को अर्थ बिषय हो।<br>➔ अब किबोर्ड खुलेपछि त्यहाँ तपाईंले **ट्याबको नाम** र **अहिलेको महिना** टाइप गर्नुहोस्।<br>➔ यदि तपाईंलाई ट्याबको नाम थाहा छैन भने “**नम्बर २०**” को प्रक्रिया हेर्नुहोस्।<br>➔ यदि ट्याबको नाम थाहा छ भने **नम्बर २४** को प्रक्रिया मा जानुहोस्। | ➔ ट्याबको नाम थाहा पाउन पहिला सुरु तलको बीचको होम बटन थिच्नुहोस्।<br>➔ यसले तपाईंलाई सुरुवातको होम स्क्रिन देखाउँछ। |

| २१) | २२) |
| --- | --- |
|  |  |
| होम स्क्रिनमा पुगिसकेपछि तलको बायाँ तिर हेर्नु त्यहाँ तपाईंको ट्याबको नाम हुन्छ । ट्याबको नाम तपाईंको हब को ठेगाना र एउटा नम्बर जोडेर बनेको हुन्छ । यो नम्बर तपाईंले याद गर्नुहोस् । यहि नाम नै तपाईंले **जी-मेल** मा टाइप गर्नुपर्ने हुन्छ । | तपाईंले अब ट्याबको नाम याद गरेपछि तल बायाँ पट्टिको ३ ओटा रेखा भएको बटन खोज्नुहोस र थिच्नुहोस् । यो बटनले तपाईंले यो भन्दा अगाडी खोलेको सबै एपहरुको समुह देखाउँछ । |

| २३) | |
| --- | --- |
|  | देखिएको समूह बाट **“Gmail”** **जी-मेल** नाम भएको बक्सा मा थिच्नुहोस् । यसले अघिको **जी-मेल** एप मा फिर्ता लग्छ । |



| २४) | २५) |
|---|---|
|  |  |
| ➔ **“Subject” सबजेक्ट** भएको ठाउँमा तपाईंले ट्याबको नाम र आजको अंग्रेजी महिना लेख्नुहोस् | ➔ ट्याबको नाम र आजको महिना लेखेपछि माथिको त्रिकोण आकारको चित्रमा थिच्नुहोस्।<br>➔ यसले तपाईंको डाटालाई दिएको ठेगाना हरुमा पठाउँछ । |



# ख. Victron Connect (भिक्ट्रन कनेक्ट) नामक एप प्रयोग गरेर सोलार सम्बन्धि जानकारी पठाउने तरिका

## क) “Victron Connect” एप्प इन्स्टल गर्ने तरिका


सबैभन्दा पहिले तपाईँको मोबाइलमा **“Victron Connect”(भिक्ट्रन कनेक्ट)** नामक एप छ कि छैन हेर्नुहोस्।
यदि छ भने **खण्ड ख** मा जानुहोस्। यदि छैन भने तल को प्रक्रिया हेर्नुहोस् र उक्त एप राख्नुहोस्।

| | |
|---|---|
| १ ) | **“Victron Connect” (भिक्ट्रन कनेक्ट)**<br>➔ यो एप छ कि छैन हेर्नुहोस।<br>➔ यो एप छ भने तलका प्रक्रियाहरु गर्नुपर्दैन **२ नम्बरमा** जानुहोस् |
| २) | **“Play Store” (प्ले स्टोर)**<br>➔ तपाईँको मोबाइलमा यो चित्र भएको एप खोज्नुहोस् र त्यहाँ थिच्नुहोस् । |

<table>
<tr><td>३)</td><td>४)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ “Play Store” (प्ले स्टोर) एप खोलेपछि यस्तो देख्न सक्नुहुन्छ।</td><td>➔ अब “Search”(सर्च) बटनमा थिच्नुहोस्।</td></tr>
</table>


<table>
<tr><td>५)</td><td>६)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ “Play Store” (प्ले स्टोर) एप खोलेपछि Victron Connect टाइप गर्नुहोस् ।</td><td>➔ टाइप गरिसकेपछि तल रहेको “Search” (सर्च) बटनमा थिच्नुहोस् ।</td></tr>
</table>

७)





➔ **"Victron Connect"(भिक्ट्रन कनेक्ट)** एप इन्स्टल गर्ने स्क्रिन आउँछ।

८)





➔ **"Install"(इन्स्टल)** बटनमा थिच्नुहोस्।

९)





➔ अब **"Victron Connect" (भिक्ट्रन कनेक्ट)** एप इन्स्टल हुन थाल्छ ।


१०)






➔ यो चित्रमा तपाईंले २४% डाउनलोड पूर्ण भएको देख्न सक्नु हुन्छ। यो १००% भए पछि तपाईंको एप पुर्ण रूपमा स्थापित / इन्स्टल हुनेछ।

| ११) | |
|---|---|
|  | ➔ एप इन्स्टल भएपछि यस्तो चित्र देख्नु हुन्छ। बायाँ तिर **"installed" (इन्स्टल्ड)** भनेर देखाइएको हुन्छ र दायाँ तिर हरियो बटन मा **"Open"(ओपन)** देखाइएको हुन्छ।<br>➔ अब तपाईंको मोबाइलमा **"victron connect" (भिक्ट्रन कनेक्ट)** एप भेटाउन सक्नुहुन्छ। |


## ख) “Victron Connect” बाट सोलार डाटा पठाउने

| | |
|---|---|
| १) | |
|  | ➔ **“Victron Connect” (भिक्ट्रन कनेक्ट)** एप खोज्नुहोस् र खोल्नुहोस् । |
| २) | |
|  | ➔ एप खोलेपछि यस्तो स्क्रिन देख्नु हुन्छ । |


<table>
<tr><td>३)</td><td>४)</td></tr>
<tr><td>


</td><td>
</td></tr>
<tr><td>➔ अब तपाईंको मोबाइल मा “Bluetooth” (ब्लु टुथ) मा थिचेर अन (ON) गर्नुहोस्। अनि फेरी “Victron Connect” (भिक्ट्रन कनेक्ट) एप खोल्नुहोस्।</td><td>➔ “Bluetooth” (ब्लु टुथ) अन् गरिसकेपछि पनि यस्तो चित्र आयो भने तलको सुन्तला रंग भएको रिफ्रेस बटन थिच्नुहोस्।</td></tr>
</table>


५)




६)








७)




- ➔ त्यसपछि यस्तो स्क्रिन आउँछ।
- ➔ अब **“SmartSolar” (स्मार्ट सोलार)** लेखेको चित्रमा थिच्नुहोस्।

- ➔ त्यस पछि यस्तो स्क्रिन आउँछ।
- ➔ अब **“DEVICE”** को तल थिच्नुहोस् र नम्बर “0” (शुन्य/Zero) ६ चोटी टाइप गर्नुहोस् ।

| ८) | ९) |
| --- | --- |
|  |  |
| → ६ वटा "0" शुन्य अङ्क/नम्बर टाइप गरिसके पछि तल "Pair" पेयर मा थिच्नुहोस्। | → तपाईंको मोबाइल अब **"MPPT" एम पी पी टि सोलार चार्ज कन्ट्रोलर** सँग कनेक्ट हुदैं छ। |


<table>
<tr><td>१०)</td><td>११)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">

➔ कनेक्ट भएपछि यस्तो म्यासेज (MESSAGE) आउन सक्छ यस्तो आएको बेला माथि देखाएको “**Do not warn me again for this product**” (**डु नट वार्न मि अगेन फर दिस प्रडक्ट**) **अर्थात “मलाई पुनः यस सामानको लागि चेतावनि नदिनुहोस्**” लेखिएको बाकसमा थिच्नुहोस्।



➔ त्यसपछि “**NOT NOW” (नट नाउ)** मा थिच्नुहोस्।


</td></tr>
</table>


| १२) | १३) |
|---|---|
| <br> | <br> |
| ➔ यस्तो स्क्रिन आउँछ।<br>➔ यसको तपाईंले **स्क्रिनसट (SCREENSHOT)** लिनुपर्दछ।<br>➔ फरक फरक मोबाइलमा स्क्रिन् सट लिने तरिका फरक फरक हुन सक्छ त्यसकारण तपाईंले आफ्नो मोबाइलको अनुसार स्क्रिनसट लिनुहोस्। | ➔ अब **“HISTORY”(हिस्टोरी)** मा थिच्नुहोस्।<br><br>➔ यहाँको पनि **स्क्रिन सट (SCREENSHOT)** लिनुहोस् ।<br>➔ त्यसपछि **सेयर (SHARE)** बटन थिच्नुहोस् । |

<table>
<tr><td>१४)</td><td></td></tr>
<tr><td>
</td><td>➔ सेयर(SHARE) बटन थिचेपछि “WhatsApp” वाट्स एप मा थिच्नुहोस् ।</td></tr>
<tr><td>१५)</td><td></td></tr>
<tr><td>
</td><td>➔ अब आफ्नो WhatsApp मा TFA CSO Group टाइप गरेर समुह खोज्नुहोस र उक्त समुहको नाममा थिच्नुहोस् ।</td></tr>
</table>

| १६) | १७) |
|---|---|
|  |  |
| ➔ **“TFA CSO Group” (टि एफ ए सी एस ओ ग्रुप)** समुह छानिसकेपछि तल पट्टिको हरियो रङ्गको सेण्ड (SEND) बटनमा थिच्नुहोस्। | ➔ त्यसपछि यस्तो स्क्रिन आउँछ ।<br>➔ यस स्क्रिनको **“Add a caption…”** मा थिच्नुहोस्। |

| १८) | १९) |
|---|---|
|   |   |
| ➔ जुन महिनाको डाटा पठाउन लाग्नु भएको हो त्यै महिना र तपाईंको हबको नाम लेख्नुहोस्। | ➔ महिना र हबको नाम टाइप गरिसकेपछि तलको हरियो रङ्गको **सेण्ड (SEND)** बटन थिच्नुहोस्। |

| २०) | २१) |
|---|---|
|  |  |
| ➔ तपाईँले सोलारको डाटा **“CSO Group”** मा पठाउन सफल हुनुभयो। | ➔ अब स्क्रिनसट पठाउनलाई देखेको घुमाउरो खालको चित्र **“ATTACHMENT” (एटाचमेन्ट)** मा थिच्नुहोस्। |


| २२) | |
|---|---|
|  | ➔ अब **“Gallery” ग्यालेरी** लेखेको चित्रमा थिच्नुहोस्।<br>➔ यसले तपाईँको मोबाइलमा भएको सबै फोटो र भिडियो देखाउँछ। |

२३)




- → अघि भर्खरै लिएको सोलारको **स्क्रिनसट(SCREEN SHOT)** खोज्नुहोस र थिच्नुहोस्
- → अथवा " **All media"अल मेडिया** लेखेको भागमा थिच्नुहोस् र स्क्रिनसटहरू खोज्नुहोस्।

२४)





- → त्यसपछि **स्क्रिन सट्(SCREEN SHOT)** लिएको कुनै एउटा फोटोमा औंलाले थिचिरहनुहोस् होस अनि ठिक चिन्ह आए पछि अरू फोटोहरूमा पनि थिच्नुहोस् ।

२५)




- → पठाउन पर्ने दुइवटै फोटोमा ठिक चिन्ह आएपछि तलको हरियो रङ्गको ठिक चिन्ह देखिएको बटनमा थिच्नुहोस्।


<table>
<tr><th>२६)</th><th>२७)</th></tr>
<tr><td>


</td><td>


</td></tr>
<tr><td>
➔ त्यसपछि स्क्रिनमा तपाईँले पठाउन लागेको फोटो यस्तो तरिकाको छ भनेर देखाउँछ ।<br>
➔ अब तपाईँले माथि देखाइएको जस्तो हरियो सेण्ड (SEND) बटनमा थिच्नुहोस् ।
</td><td>
➔ त्यसपछि तपाईँले पठाउनुभएको फोटो यसरि देखिन्छ जुन समुहको सबै सदस्यले हेर्न सक्नुहुनेछ ।<br>
➔ हरेक महिनाको अन्तिम दिन यसैगरि सोलार सम्बन्धि डाटा पठाउनुहोस् ।
</td></tr>
</table>

# ग. ODK Collect (ओ.डी.के. कलेक्ट) नामक एप बाट फारामहरू भर्ने तरिका

| | |
|---|---|
| ODK Collect | ➔ यो एपबाट तपाईँले विभिन्न फारामहरू आफ्नो मोबाइलबाट भर्न सक्नुहुन्छ । नेपालमा पनि विभिन्न आपत विपतको समयमा धेरै डाटाहरू यस एप मार्फत सङ्कलन गरिएको थियो ।<br>➔ हामिले पनि हेलो हबमा समय-समयमा सर्वेक्षण गर्नको लागि यस एपलाई प्रयोग गर्छौं । यस एपमा लगिन गरेपछि तपाईँलाई सेयर गरिएका विभिन्न फारामहरु देख्नसक्नु हुनेछ जुन तपाईँले **Download (डाउनलोड)** गरेर भर्नुपर्ने हुन्छ ।<br>➔ **Download (डाउनलोड)** गरिएको फाराममा भएका प्रश्नहरूको उत्तर तपाईँले यही एपमा दिन सक्नुहुन्छ ।<br>➔ उत्तरहरु भरिसकेपछि त्यो फाराम यही एप बाट तपाईँले पठाउन सक्नुहुन्छ ।<br>➔ यो एप कसरि प्रयोग गर्ने बारे बुझ्न तलका प्रक्रियाहरु हेर्नुहोस् । |


| १) | २) |
|---|---|
| ODK Collect | <br> |
| ➔ आफ्नो मोबाइलमा माथिको जस्तो चित्र भएको **"ODK Collect" (ओ.डी.के. कलेक्ट ) एप खोज्नुहोस र खोल्नुहोस् ।** | ➔ अब **"Get Blank Form" (गेट ब्ल्यान्क फाराम )** मा थिच्नुहोस् ।<br>➔ **"Get Blank Form"** को मतलब खालि फाराम लिनु हो । |

<table>
<tr><td>३.१)</td><td>३.२)</td></tr>
<tr><td>


</td><td>



</td></tr>
<tr><td>
➔ यदि फाराम को दायाँ बाकसमा पहिले देखिनै ठिक चिन्ह छ भने त्यहाँ थिचेर ठिक चिन्ह हटाउनुहोस्।<br>
➔ यहाँ तपाईंलाई दिइएको निर्देशन अनुसार मात्रै आवश्यक फारामको बाकसमा मात्रै ठिक चिन्ह लगाउनुहोस्।<br>
➔ तपाईहरुले समय-समयमा फरक-फरक फारमहरु भर्नु पर्ने हुन्छ त्यसैले फारामको नामहरु ध्यान दिएर हेर्नुहोस् ।
</td><td>
➔ आफुले खोजेको फारामको नामहरु भेटे पछि ति फारामहरुको बाकसमा थिची ठिक चिन्ह लगाउनुहोस्।
</td></tr>
</table>

<table>
<tr><td>४)</td><td>५)</td></tr>
<tr><td>






</td><td>





</td></tr>
<tr><td>➔ चाहेको फारामा ठिक चिन्ह लगाए पछि तलपट्टिको "Get Selected"(गेट सेलेक्टेड ) अर्थात छानेको जति लिनुहोस् लेखिएको बटनमा थिच्नुहोस्।</td><td>➔ "Get Selected"(गेट सेलेक्टेड) बटन थिचे पछि फारामहरु तपाईंको मोबाइलमा डाउनलोड हुन थाल्दछ।</td></tr>
</table>

<table>
<tr><td>६)</td><td>७)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ डाउनलोड पुरा भैसकेपछि यस्तो मेसेज आउँछ  त्यस पछि “OK” (ओ के) लेखेको बटनमा थिच्नुहोस्।</td><td>➔ अब “Fill Blank Form”(फिल ब्ल्यान्क फाराम) अर्थात खालि फाराम भर्ने मा थिच्नुहोस्।</td></tr>
</table>


<table>
<tr><td colspan="2">८)</td></tr>
<tr><td>
</td><td>➔ अब जुन फाराम भर्ने हो त्यो फारामको नाममा थिच्नुहोस् ।<br>➔ त्यसपछि त्यो फाराम खुल्छ, सबै फारामको बिषय फरक-फरक भएका कारण एकदम राम्ररी पढेर फाराम भर्नुहोस्।<br>➔ कुनै प्रश्नहरू नबुझेमा TFA CSO Group नामक समुहमार्फत सम्पर्क गरिहाल्नुहोस् ।</td></tr>
</table>

९)




- ➔ फाराम को सबै प्रश्न को उत्तर दिए पुछि अन्त्यमा यो चित्रमा देखाएको जस्तो स्क्रिन आउँछ।
- ➔ यहा तपाँईले **"Mark form as finalized" (मार्क फाराम एज फाइनलाइज्ड)** को बाकसमा थिच्चुहोस्।
- ➔ त्यसपछि तलपट्टिको **"Save Form and Exit" (सेभ फाराम एण्ड एग्जिट)** मा थिच्चुहोस्।
- ➔ यसो गर्नाले तपाँईले भर्नु भएको फाराम मोबाइलमा सेभ(Save) हुन्छ ।
- ➔ **यदि तपाँईले १ भन्दा बढि पटक फाराम** भर्नु पर्नेछ भने **नम्बर ७**मा भने अनुसार पुनः फाराम भर्ने प्रक्रिया सुरू गर्नुहोस्।

१०.१)







- ➔ यदि फाराममा केहि त्रुटि छैनन् वा सुधार गर्नुपर्ने छैन भने सिधै **नम्बर १०.२** मा जानुहोस्।
- ➔ यदि फाराम को त्रुटि सुधार गर्नुपर्ने छ भने **"Edit Saved Form"(एडीट सेभ्ड फाराम)** मा थिच्चुहोस् र आवश्यक उत्तरहरू सच्याउनुहोस् ।

१०.२)




- ➔ अब फाराम पठाउनको लागि **"Send Finalized Form" (सेण्ड फाइनलाइज्ड फाराम)** मा थिच्चुहोस्।

<table>
<tr><td>११.१)</td><td>११.२)</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ अब जुन फाराम पठाउनु पर्ने हो त्यो फारामको बाकसमा थिचेर ठिक चिन्ह लगाउनुहोस् ।</td><td>➔ यदि एकैचोटी धेरै फाराम पठाउनु छ भने ति फारामहरूको बाकसहरूमा ठिक चिन्ह लगाउनुहोस् ।</td></tr>
</table>

<table>
<tr><td>१२)</td><td></td></tr>
<tr><td>
</td><td>➔ पठाउनु पर्ने फारामहरूमा ठिक चिन्ह लगाई छनोट गरिसकेपछि तल रहेको “Send Selected”(सेन्ड सेलेक्टेड) लेखेको बटनमा थिच्नुहोस् ।<br>➔ अब तपाईंले भर्नु भएको फारामहरू पठाउने कार्य सुरू हुन्छ ।</td></tr>
</table>


# घ. गुगल सिट प्रयोग गरेर हब प्रयोगकर्ताहरूको हाजिरी राख्ने तरिका

Google Sheet (गुगल सिट) भनेको एउटा यस्तो एप हो जहाँ हामि हिसाब किताब सजिलै राख्न सक्छौ । हबमा आउने सबैजनाको नाम, उमेर र आएको समय तपाईंले गुगल सिटमा राख्न सक्नु हुनेछ । तलको प्रकृया अनुसार गुगल सिट प्रयोग गरेर कसरि हाजिरि गर्नेबारे सिक्नुहोस् ।

### १. Google Sheet खोल्ने तरिका


| Google Chrome | |
|---|---|
| | ➔ सबैभन्दा पहिले तपाईंले हबको ल्यापटपमा बायाँ पट्टि देखाएको जस्तो चित्र खोज्नुहोस् ।<br>➔ यो चित्र ले गुगल क्रोम जनाउँछ ।<br>➔ गुगुगल क्रोममा माउसको कर्सर लानुहोस् र माउसको बायाँ पट्टिको बटन २ चोटी थिच्नुहोस् वा क्लिक गर्नुहोस् ।<br>➔ यदि माउस मा थिच्दा खुलेन भने कि-बोर्डमा **ENTER (इन्टर)** भन्ने बटन थिच्नुहोस् । |

| १) |
|---|





➔ गुगल क्रोम खुलिसकेपछि स्क्रनको माथिल्लो भागमा दायाँ तिर हेर्नुहोस् ।
➔ त्यहाँथोप्ला थोप्ला भएको माथि देखाइएको जस्तो चित्र हुन्छ त्यहाँ माउस ले **क्लिक(CLICK)** गर्नुहोस् ।

२)





→ अब चित्रमा देखाइएको जस्तो **DRIVE (ड्राइभ)** लेखेको चित्रमा **क्लिक(CLICK)** गर्नुहोस् ।

३)




→ **DRIVE(ड्राइभ)** खुलिसके पछि त्यहाँ बायाँतिर **"Shared with me"(मसँग साझेदारी गरिएको)** लेखेको ठाउँमा **क्लिक(CLICK)** गर्नुहोस् ।

४)





→ **"Shared with me" (मसँग साझेदारी गरिएको)** मा **क्लिक(CLICK)** गर्नुभएपछि तपाईंसँग बाडिँएको **फाइलहरू (FILES)** देखाउँछ।

→ तपाईंको हबको नाम र अङ्ग्रेजि महिना लेखिएको फाइल खोज्नुहोस्।
उदाहरण: फेब्रुअरी [February] महिनाको लागि फाइलको नाम यसप्रकारको हुन्छ ।
**<u>डिहि को लागि : DihiHub_February_Attendance</u>**
इचोक को लागि : IchokHub_February_Attendance
दापसुङ को लागि : DhapsungHub_February_Attendance
छाजोगाङ को लागि : ChhajogangHub_February_Attendance


→ अङ्ग्रेजि महिना अनुसार **आ-आफ्नो** हबको **फाइल(FILE)** खोजी त्यहाँ **क्लिक(CLICK)** गर्नुहोस्।

५




→ माथि रातोले देखाएको ठाउँमा **फाइल(FILE)**को नाम देखाइएको हुन्छ। आफ्नो हब अनुसारको नाम छ वा छैन जाँच गर्नुहोस् ।

६)






➔ **Date(mm/dd/yy)** लेखेको ठाउमा तपाईंले २ चोटी **थिच्नुहोस्** वा **(CLICK)** गर्नुहोस् ।

➔ त्यसपछि कि-बोर्डमा आजको मिति टाइप गर्नुहोस् । पहिला महिना टाइप गर्नुहोस् , त्यसपछि आजको तारिक र अन्तिममा साल लेख्होस् ।

**हरेक दिनको मिति तपाईंले आफ्नो ल्यापटपको तल्लो भागमा वा माथिल्लो भागमा देख्न सक्नु हुन्छ।**


७)






- ➔ हबमा आउने हरेक मानिसको लागि पहिले विवरण भर्नुहोस् र त्यस पछिमात्र हबमा ट्याबलेट वा इन्टरनेट प्रयोग गर्न दिनुहोस् ।
    - **Name (नाम)** लेखेको ठाउँको तल हब प्रयोगकर्ताको नाम लेख्नुहोस् ।
    - **Age (उमेर)** लेखेको ठाउँको तल प्रयोगकर्ताको उमेर टाइप गर्नुहोस्


८)




- **Gender (लिङ्ग)** लेखेको ठाउँको तल प्रयोगकर्ता पुरुष हो कि महिला भनेर लेख्नुपर्ने हुन्छ ।
- यदि पुरुष भएमा **“M”** टाइप गर्नुहोस् र महिला भएमा **“F”** टाइप गर्नुहोस् ।


९)




- **Phone no (फोन नम्बर)** लेखेको ठाउँको तल प्रयोगकर्ताको फोन नम्बर लेख्नुहोस् ।
- **Arrival time (आएको समय)** लेखेको ठाउँको तल प्रयोगकर्ता आएको समय लेख्नुहोस् ।


१०)




→ तपाईंले हरेक दिन यसैगरि हबमा आउने प्रयोगकर्ताहरूको हाजिरी राख्न सक्नुहुनेछ ।

→ अब अर्को दिनको हाजिरी गर्नको लागी माथि चित्रमा देखाएझैं तल पट्टिको लट्ठी जस्तो देखिने **होरिजन्टल स्क्रोल बार( HORIZONTAL SCROLL BAR)** लाई थिचेर बिस्तारै दायाँतर्फ सार्नुहोस् ।


११)




→ तपाईँले लठ्ठी सारेपछि अर्को हाजिर गर्ने ठाउँ देख्नुहुनेछ ।

→ त्यहाँ पनि पहिले जसरी नै प्रयोगकर्ताहरुको विवरण टाइप गर्नुहोस् ।

१२)






➔ सबै टाइप गरिसके पछि बन्द गर्नको लागि तपाईंको स्कृनको माथिल्लो भागको दायाँ तिर “X” भएको ठाउमा **क्लिक (CLICK)** गर्नुहोस् जसले क्रोमलाई बन्द गर्दछ।


# ङ. गुगल मिट प्रयोग गर्ने तरिका

## १. प्ले स्टोरमा गएर गूगल मीट डाउनलोड गर्नुहोस्।

| | |
|---|---|
| | गुगल मिटको लोगो |

| १.१) | १.२) |
|---|---|
|   |   |
| → **“Play Store” (प्ले स्टोर)** एप खोलेपछि यस्तो देख्न सक्नुहुन्छ। | → अब **“Search”(सर्च)** बटनमा थिच्नुहोस् र “GOOGLE MEET” टाइप गरि खोज्नुहोस् र गुगल मिट इन्सटल गर्नुहोस् । |

| २) | |
|---|---|
| | तपाईँले हेल्लो वर्ल्डको इमेल तथा व्हाट्सएप (WhatsApp) मार्फत चित्रमा देखाइएको जस्तो चिन्ह सहितको एउटा लिङ्क(LINK) पाउनुहुनेछ ।<br><br>उक्त लिङ्कमा थिचे पछि तपाईँले गुगल मिट मार्फत मिटिङ् मा सामेल हुन सक्नुहुन्छ । |

| २.१ | ३ |
|---|---|
|   |   |
| ➔ आफ्नो इमेल जाँच्नुहोस् र मिटिङ लेखिएको इमेलमा तपाईँले चित्रमा देखाइएझैं **"Join with Google Meet"[जोइन विथ गुगल मिट]** मा थिचुन्होस्। | ➔ तपाईँले इमेल वा व्हाट्सएप बाट मिटिङको लिङ्क थिचे पछि माथि देखाइएको जस्तो स्क्रिन देखिनेछ ।<br>➔ अब (Ask to join) लेखेको ठाउँमा थिच्नुहोस् र मीटिङ् मा सहभागी हुनुहोस् । |

**तपाईँले गुगल मिटमा आफैँ मिटिङ लिङ्क बनाउन पनि सक्नु हुनेछ, Google Meet प्रयोग गरेर कार्यशालामा उपस्थित सबैलाई आफ्नो मिटिङ मा सामेल गराउन खोज्नुहोस् ।**

# च. हबको ट्याबलेटमा रहेका विभिन्न एपहरूको जानकारी

| 123 Numbers | |
| --- | --- |
|  | ➔ यो एउटा वर्णमाला सिकाउने एप हो जसले बच्चाहरूका लागि अंक/नम्बरहरु सिक्न रमाइलो बनाउँछ।<br>➔ यसले बच्चाहरूलाई अंकहरुका आकारहरू पहिचान गर्न, तिनीहरूलाई उच्चारण गर्न सिकाउँछ<br>➔ आफ्नै हातले अंकहरु कोरी चिन्न सिकाउँछ। |

| ABC Kids | |
| --- | --- |
|  | ➔ ABC Kids एउटा नि:शुल्क वर्णमाला सिकाउने एप हो जसले बच्चाहरूका लागि अंग्रेजी वर्णमाला सिक्न रमाइलो बनाउँछ।<br>➔ यसले बच्चाहरूलाई अक्षर आकारहरू पहिचान गर्न, तिनीहरूलाई उच्चारण गर्न सिकाउँछ ।<br>➔ आफ्नै हातले अक्षरहरू कोर्न लगाई अक्षरहरू चिन्न सिकाउँछ। |

| Animal Typing | |
| --- | --- |
|  | ➔ यो एपले टाइपिङ सरल र रमाइलो तरिकाले सिकाउछ।<br>➔ किबोर्डमा कसरी टच टाइप गर्ने अर्थात नहेरी टाइप गर्ने भनेर यो एपले सिकाउँछ। |

| Block Craft 3D | |
| --- | --- |
|  | ➔ यो एउटा रमाइलो तरिकाले घरहरू बनाउने खेल हो।<br>➔ यसले प्रयोगकर्ताको रचनात्मक सिप विकास गर्न मद्दत गर्दछ। |

## Brain Training

- यो एपमा दिमाग खियाउने खेलहरू तथा आइ क्यु जाँच सम्बन्धि चुनौतीहरू छन् ।
- मस्तिष्क प्रशिक्षण गर्ने खेलहरूको साथमा आफ्नो कौशल, मानसिक क्षमता, क्यालकुलस, मेमोरी, विश्लेषण, तीक्ष्णता र धारणा आदि सुधार गर्न यो एपले मद्धत गर्दछ ।

## Check Data Usage

- यो एपले ट्याबलेटले कत्तिको इन्टरनेट डाटा/वाइफाई खपत गर्यो भन्ने जानकारी दिन्छ ।

## Chess



- तपाईँलाई थाहा छ? चेस संसारको सबैभन्दा पुरानो रणनीतिक खेलहरू मध्ये एक हो ।
- चेस एक उत्कृष्ट बोर्ड खेल हो जसले रणनीति र भिजुअल मेमोरी जस्ता सीपहरूको विकासमा मद्दत गर्दछ।

## Chrome

- यो वेब ब्राउजर हो जहाँ तपाईँले बिभिन्न वेबसाइटहरु खोल्न सक्नु हुनेछ ।

## CircuitVerse Learn

- यस अन्तरक्रियात्मक पुस्तकले कम्प्युटरको डिजिटल लजिक कसरि काम गर्दछ भन्ने विषयमा जानकारी दिन्छ । आधारभूत कम्प्युटर अवलोकनदेखि उन्नत स्तरसम्मको बिषय यस एपमा पाउन सकिन्छ ।

| CircuitVerse Simulator | |
|---|---|
| | ➔ यो सिमुलेटर एप्प हो जहाँ तपाईंले विभिन्न सर्किट प्रणालीहरू आफैले रचना गरेर त्यसलाई जाँच गर्न सक्नुहुन्छ। |

| Classroom | |
|---|---|
| | ➔ यो एप बाट बिद्यार्थीहरुले अन-लाइन क्लासहरु लिन सक्दछन्। यस एपमा लगिन गर्नु पर्दछ र विद्यार्थीलाई गुगल क्लासरूममा सामेल गर्नु पर्दछ । |

| Coloring Book | |
|---|---|
|  | ➔ यो एपमा विभिन्न चित्र हरु कोर्न र रङ्ग लगाउन सकिन्छ। |

| Colors and shapes | |
|---|---|
|  | ➔ यो एप बाट बच्चाहरुले रङ्ग र आकारहरुको बारेमा खेली खेली सिक्न सक्छन्। |

| Docs | |
|---|---|
| | ➔ यो एप बाट तपाईंले कम्प्युटरमा जस्तै कागजात हरु बनाउन सक्नु हुन्छ र बिना कम्प्युटर त्यस्ता फाइलहरू खोल्न पनि सक्नुहुन्छ । |

| Driving School | |
|---|---|
| | ➔ यो एक खेल हो जसले ड्राइभिङ परीक्षणको लागि केहि हदसम्म तयार गर्दछ। खेलले तपाईँलाई आफ्नो कार कसरी पार्क गर्ने भनेर सिक्न मद्दत गर्दछ। यो खेलले तपाईँलाई लिखित परीक्षाको लागि तयारी गर्न र सडक चिन्हहरू सम्झन मद्दत गर्नेछ। त्यहाँ सयौं विभिन्न स्तरहरू छन् जसले तपाईँलाई आफ्नो ड्राइभिङ र पार्किङ कौशल सुधार गर्न मद्दत गर्दछ। |

| Duolingo | |
|---|---|
| | ➔ यो एप तपाईँलाई सजिलै र सहज रूपमा भाषाहरू सिक्न मद्दत गर्नको लागि डिजाइन गरिएको छ , ताकि तपाईँले खेल्दा खेल्दै भाषा सम्बन्धि ज्ञान लिन सक्नुहुन्छ ।<br>➔ यो एपले तपाईँलाई धेरै फरक भाषाहरू सिक्न अनुमति दिन्छ, जस्तै स्पेनिश, अंग्रेजी, फ्रान्सेली, इटालियन वा पोर्तुगाली। |

| English for kids | |
|---|---|
| | ➔ यो एपले बच्चाहरू वा शुरुवाती शिष्यहरूको लागि अंग्रेजी सिक्ने तरिका सिकाउँछ । यसले अंग्रेजी सिक्न रमाइलो बनाउँछ।<br>➔ यसमा दिइएको चित्रहरू मार्फत अंग्रेजी शब्दावली सिक्न मद्धत गर्छ । |

| E-Pustakalaya | |
|---|---|
| | ➔ यो नि:शुल्क र खुला डिजिटल पुस्तकालय पहुँच गर्ने एप हो ।<br>➔ प्रयोगकर्ताहरूले श्रेणी अनुसार पुस्तकहरू खोजि गर्न, कुञ्जी शब्दहरू, शीर्षकहरू वा लेखकहरू प्रयोग गरेर खोजी गर्न र पुस्तकहरूको PDF संस्करण नि:शुल्क डाउनलोड गर्न सक्छन्। ई-पुस्तकालय (इलेक्ट्रोनिक पुस्तकालय) मा नेपाली लेखक र अन्तर्राष्ट्रिय लेखकका पुस्तकहरू छन् । |

| Feed The Monster | |
|---|---|
| | यो एपले बच्चाहरूलाई अंग्रेजी भाषा पढ्न तथा सिक्न मद्दत गर्न 'खेल्न विधिहरू' प्रयोग गर्दछ । |

| First Aid | |
|---|---|
|  | ➔ यो एपले तपाईँलाई सामान्य प्राथमिक उपचार तथा आपतकालिन अवस्थाहरूमा प्रयोग गर्न सकिने विभिन्न उपायहरूको आवश्यक जानकारी दिन्छ।<br>➔ भिडियोहरू र चित्रहरु बाट यो एप ले प्राथमिक उपचारको शिक्षा दिन्छ। |

| Gmail | |
|---|---|
| | ➔ यो एप बाट तपाईँले सम्बन्धित ब्यक्ति, संस्था लाइ मेल/ चिठी पठाउन सक्नु हुन्छ। |

| Hardware and Networking | |
|---|---|
|  | ➔ यो एपमा तपाईँले कम्प्युटर हार्डवेयर र नेटवर्किङ्ग सम्बन्धित सबै जानकारीहरू भेटाउन सक्नुहुन्छ। |

| Hardware Engineering | |
|---|---|
|  | ➔ यो एप मा तपाईँले कम्प्युटर हार्डवेयर सम्बन्धित सबै जानकारी हरु भेटाउन सक्नुहुन्छ। |

| Hexa Jigsaw | |
|---|---|
|  | ➔ यो पजल एप हो जहाँ तपाईंले दिमाग लगाई टुक्रा टुक्रा जोडी चित्र हरु पुरा गर्नुपर्ने हुन्छ । |

| Khan Academy | |
|---|---|
| | ➔ यो एपमा बिद्यार्थीले हरेक बिषयहरु खोज्न सक्छन् र नि शुल्क त्यस बिषयका पाठहरू पढ्न सक्छन्। |

| Laser Overload | |
|---|---|
|  | ➔ यो एक इलेक्ट्रोनिक खेल भएको एप हो जसमा दिमाग लगाएर करेन्ट पास हुने बाटो बनाउदैं जानुपर्छ। |

| Learn Arduino Program. | |
|---|---|
| | यो एप बाट प्रोग्रामिङ कसरि गर्ने भन्ने बारे जानकारी लिन सकिन्छ । अर्डुइनो प्रोग्रामिङ बाट स्वचालित (अटोमेटिक) काम गर्ने प्रणालीहरु र मेशिनहरु  बनाउन सकिन्छ। |

| Learn Computer Course | |
|---|---|
|  | ➔ यो कम्प्यूटर कोर्स एप पूर्ण रूपमा अफलाइन र नि: शुल्क काम गर्दछ। यो एपबाट कम्प्युटरको आधारभूत, प्रोग्रामिङ, हार्डवेयर, सफ्टवेयर, सामान्य ज्ञान, सूचना प्रविधि सम्बन्धित, नेटवर्किङ, मर्मत, कोडिङ लगायत विभिन्न अवधारणाहरू सिक्ने सजिलो तरिका हो । |

| Learning Portal | |
|---|---|
| | ➔ यो एपमा कक्षा १ देखि कक्षा १२ सम्मको किताबहरू तथा विभिन्न सन्दर्भ सामाग्रिहरू निशुल्क पाउन सक्नुहुन्छ।<br>➔ यहा थरी थरीका पुस्तकालय को भण्डार पनि छ जहा तपाईंले फरक फरक बिषयका किताबहरु पढ्न सक्नुहुन्छ। |

| Learn Python | |
|---|---|
| | ➔ पाइथन भन्ने एउटा प्रोग्रामिङ भाषा हो र यो एप ले उक्त पाइथन प्रोग्रामिङ सजिलो तरिकाले सिकाउँछ। |

| Learn Typing | |
|---|---|
|  | ➔ यो एपले तपाईंलाई टच टाइपिङ सिक्न मद्दत गर्दछ।<br>➔ यसले तपाईंको टाइपिङ गति र शुद्धतालाई सुधार गर्न मदत गर्दछ। |

| LEGO Tower | |
|---|---|
|  | ➔ यो एउटा टावर निर्माण गर्ने गेम हो जहाँ तपाईंले आफ्नो रचनात्मक कलाको बिकास र प्रस्तुति गर्न सक्नु हुन्छ। |

| Let's Read | |
|---|---|
| | ➔ लेट्स रिड एपमा तपाइले नि:शुल्क रमाइलो र रंगीन कथा पुस्तकहरू पढ्न सक्नुहुनेछ। स्थानीय लेखकहरू र चित्रकारहरूबाट विभिन्न भाषाहरू (तामाङ भाषा सहित) अङ्ग्रेजीमा हजारौं पुस्तकहरू छन्, तपाईंका बच्चाहरूलाई पढ्न र सिक्न यो एप उपयोगि हुन्छ ।<br>➔ Let's Read एपमा रहेका सबै पुस्तकहरू पढ्नका लागि नि:शुल्क छन् र डाउनलोड गरेर कुनै पनि समय अनलाइन वा अफलाइन पढ्न सक्नुहुनेछ। |

| Magrid | |
|---|---|
| | ➔ म्याग्रिड प्रारम्भिक गणितीय क्षमताहरूको विकासमा सुधार गर्नको लागि एक प्रभावकारी शैक्षिक एप हो। यसले प्रारम्भिक विद्यालय स्तर (३ देखि ९ वर्ष पुरानो) को लागि आधारभूत गणितीय अवधारणाहरूलाई लक्षित गर्दै प्रशिक्षण कार्यहरूको विस्तृत श्रृंखला प्रदान गर्दछ। |

| Masha and the Bear Educational | |
|---|---|
|  | ➔ यहाँ ३० शैक्षिक खेलहरू छन्। यी शैक्षिक खेलहरू ६ वर्षसम्मका बच्चाहरूलाई लक्षित छन् । |

## Math Games

- बच्चाहरूलाई रमाइलो, नि:शुल्क गणित खेलहरूमार्फत गणितमा निपुण बनाउन यो एपले मद्दत गर्छ
- गणित खेलहरू को माध्यमबाट बच्चाहरूलाई गणित सीपहरू सजिलो तरिकाले सिक्न मद्दत गर्दछ
- आधारभूत अंकगणित बाहेक गणितका पजलहरू, मस्तिष्क टिजरहरू समाधान गर्न सिकाउँछ। जोड +, घटाउ −, गुणन ×, र विभाजन, ÷ वा भिन्न ¼, दशमलव गर्न सिकाउछ ।

## Music Blocks

- संगीत ब्लकहरू संगीत र ग्राफिक्समा रुचि राख्ने 13+ उमेरका बालबालिकाहरूको लागि लक्षित प्रोग्रामिङ एप हो।
- संगीत ब्लकले संगीतका धेरै सामान्य ज्ञानहरू हासिल गर्न मद्दत गर्दछ, जस्तै पिच, ताल, भोल्युम, टिम्बर, र बनावट आदि ।

## Nepali Guru - Barnamala + more

- बच्चाहरुलाई रमाइलो तरिकाले नेपाली वर्णमाला, अक्षर र अंकहरू पढ्न, उच्चारण गर्न र लेख्न सिकाउन सकिन्छ।
- तपाईंको टच स्क्रिनमा अक्षरहरू र चित्रहरू कोर्न सकिन्छ।
- व्यंजन, स्वर वर्ण तथा सङ्ख्या चयन गर्न सकिन्छ।

## Nepali Shabdakosh Dictionary

यो नेपाली र अङ्ग्रेजी दुवै भाषाहरू सिक्न मद्दत गर्ने नेपाली शब्दकोश हो।

विशेषताहरु:

- तीन तर्फी शब्दकोश समावेश गर्दछ: नेपाली शब्दको नेपाली अर्थ, नेपाली शब्दको अंग्रेजी अर्थ र अंग्रेजी शब्दको नेपाली अर्थ
- अफलाइन काम गर्दछ

| Piano Kids - Music & Songs | |
|---|---|
|  | पियानो किड्स विशेषत् बच्चाहरू र अभिभावकहरूको निम्ति संगीत र गीतहरू सिक्नको लागि सिर्जना गरिएको एक उत्कृष्ट रमाईलो संगीत एप्प हो |

| Quick Brain | |
|---|---|
|  | यो एउटा मस्तिष्क प्रशिक्षण गर्ने एप हो । गणितीय समीकरणहरू समाधान गरेर, मेमोरी गेमहरू खेल्दै, र पजलहरू समाधान गरेर आफ्नो मानसिक कौशल, तर्क, मेमोरी, दिमाग गणना सुधार गर्न सकिन्छ । |

| Ramailo Padhai | |
|---|---|
|  | Ramailo Padhai शिक्षक र कक्षा एक देखि तीन सम्मका विद्यार्थीका अभिभावकहरूका लागि प्रयोग गर्न बनाइएको सजिलो एप हो । यो एप विद्यार्थीहरूलाई पढ्न, सिक्न र पढाइलाई रमाइलो बनाउन मद्दत गर्न डिजाइन गरिएको हो । एपमा नेपाली भाषामा अडियो कथाहरू, कविताहरू र सचित्र PDF पुस्तकहरू छन् । |

| Read Along | |
|---|---|
|  | Read Along नि:शुल्क पढ्ने एप हो जसले बच्चाहरूलाई पढ्न सिक्दै रमाइलो गर्न मद्दत गर्छ।<br>Read Along ले तपाईंले पढेको कुरालाई ठूलो स्वरमा पढाएर सुनाउँदछ र पढेको सुन्दछ। यदि कुनै शब्द उच्चारण गर्न नआएमा त्यो शब्दमा थिच्दा यहि एपले नै उच्चारण गर्न सिकाईदिन्छ। वर्णमाला को केहि आधारभूत ज्ञान भएकाहरू को लागी राम्रो काम गर्दछ। |

| Roblox | |
| --- | --- |
| | रोब्लोक्स यस्तो गेमिंग एप हो जहाँ तपाईंले तपाईँका साथीहरूसँग मिलेर नयाँ नयाँ रचनात्मक क्रियाकलापहरु गर्न सक्नु हुन्छ। यहाँ आफुले चाहेको जस्तो दुनियाँ बनाउन मिल्छ जसले तपाईंको रचनात्मक कलाको विकास गर्छ । |

| Room to Read | |
| --- | --- |
| | Room to Read एउटा पुस्तकालय एप हो जसमा तपाईंले विभिन्न पुस्तक निशुल्क पढ्न सक्नु हुनेछ। |

| Scratch | |
| --- | --- |
| | यो एपले तपाईंलाई प्रोग्रमिङ्ग गर्न सिकाउँछ र प्रोग्राम द्वारा तपाईंको आफ्नै अन्तरक्रियात्मक कथा, खेल र एनिमेसनहरू कसरी सिर्जना गर्ने भनेर सिकाउँछ, जुन तपाईंले अरू सँग साझेदारी गर्न सक्नुहुन्छ। |

| Sheets | |
| --- | --- |
| | यो एप हिसाब किताब राख्ने कागजातहरु बनाउन प्रयोग हुन्छ। |

| Slides | |
| --- | --- |
| | यो एप बाट तपाईँले प्रेजेन्टेशन अर्थात प्रस्तुतिहरू बनाउन सक्नुहुन्छ। |

| Smart Krishi | |
|---|---|
| | यो कृषि सम्बन्धि एप हो। यसमा तपाईँले नेपालका शहरहरूको दैनिक मूल्य सम्बन्धि जानकारी पाउनसक्नु हुन्छ । यहाँ कृषि पुस्तकालय पनि उपलब्ध छ जहाँ कृषि सम्बन्धी तथ्याङ्क, पशुपालन, मल उत्पादन, विशेष रोगको लागि स्थानीय रूपमा उपलब्ध जडिबुटी/फलफूलका फाइदाहरू, कृषि कागजातहरू, रिपोर्टहरू र ई-पुस्तकहरू तथा कृषि सुझावहरू पाउन सक्नु हुन्छ । देशको मुख्य स्थानहरूको प्रत्यक्ष मौसमको जानकारी लिन सक्नु हुन्छ । विशेषज्ञहरू र वैज्ञानिकहरूलाई आफ्ना प्रश्नहरू सोध्नु सक्नुहुन्छ । |

| Top 25 Nursery Rhymes | |
|---|---|
| | यो एपमा बालबालिकाका लागि कविताहरू, सुत्ने समयका कथाहरू, र नर्सरी गीतहरू राखेका हुन्छन । <br>यसमा सबै नर्सरी राइमका भिडियोहरू र सुत्ने समयमा पढ्ने कथाहरू पूर्ण रूपमा नि: शुल्क र अफलाइन उपलब्ध छन् र डाटा/इन्टरनेट बिना कुनै पनि समय कुनै पनि ठाउँमा हेर्न सकिन्छ । |

| Word Talent | |
|---|---|
| | - यो एपमा छरिएका अंग्रेजी अक्षरहरूबाट शब्द बनाउनपर्ने हुन्छ। <br>- लुकेका शब्दहरू फेला पारेर तपाईंले नयाँ-नयाँ अंग्रेजी शब्दहरू र त्यसका अर्थहरू सिक्न सक्नुहुन्छ। |

| WPS Office | |
|---|---|
| | यो एप बाट तपाईंहरूले कम्प्युटरमा जस्तै कागजातहरू बनाउन सक्नु हुन्छ। वोर्ड, सिट र स्लाइड सबै यहि एउटै एपमा पाउन सक्नुहुन्छ। |

| YouTube | |
|---|---|
| | भिडियो हेर्ने एप हो जहाँ तपाईंले धेरै सिक्ने कुराहरु भिडियो मार्फत हेर्न सक्नु हुन्छ। तपाईले पढाई लेखाई देखि लिएर कृषि र **विश्व घटना**का कुराहरूको जानकारी यस एप बाट लिन सकिन्छ। |

| YT Kids | |
|---|---|
| | बच्चाहरूको लागि मात्र बनाइएको एउटा भिडियो हेर्ने एप हो।<br>YouTube Kids परिवार-मैत्री भिडियोहरूले भरिएको हुन्छ। |

| कृषि गुरू Krishi Guru | |
|---|---|
| | कृषकहरु कृषि विज्ञ बनाउन कृषि गुरू। यहि एपका केही विशेषताहरू एक पल्ट एकपटक डाउनलाईड गरेपछि अफलाइन चलाउन सक्दछ तपाईंको दैनिक कृषि कर्जा सहयोग गर्न व्यवसायिक कृषि प्रविधि, मौसम, र बजार र ताजा खबरहरू उपलब्ध हुन्छन । तपाईंले विउ, मल, विषादी र मेशिनरी सामानहरू कसरी प्रयोग गर्ने कहाँ बाट किन्न सकिन्छ भन्ने जानकारी सजिलै पाईन्छ।<br>तरकारि किनबेचको लागि पनि यो एप प्रयोग गर्न सकिन्छ ।<br>बोट विरुवामा लागेका रोग तथा किराहरूको फोटो सहित विवरण पठाएर कृषि विशेषज्ञ बाट सल्लाह पाउनुसक्नुहुन्छ । |

| नेपाली समाचार पत्र | |
|---|---|
|  | नेपाली समाचार पत्र एउटा प्लेटफर्म एप हो जहाँ हामी प्रमुख नेपाली समाचार वेबसाइटहरूबाट सबै समाचारहरू हेर्न सक्छौं। यसले सबै अनलाइन नेपाली समाचारहरू प्रदान गर्दछ। |

| राक्षसलाई खुवाउ ! | |
|---|---|
|  | राक्षसलाई खुवाउ ! ले बच्चाहरूलाई नेपाली भाषा पढ्न तथा सिक्न मद्दत गर्न 'खेल्ने विधिहरू' प्रयोग गर्दछ । |

# छ. हबको बिधुतिय प्रणाली को जानकारी

## १) विविध शब्दावलीहरू को परिचय

एम पी पी टि **(MPPT)**

| | |
|---|---|
|  | ➔ एम पी पी टि **(MPPT)** एक प्रकारको चार्ज कन्ट्रोलर हो। यसले सोलार प्यानलबाट आएको करेन्टलाई मिलाएर ब्याट्री चार्ज गर्ने र लोडको लाइनमा पठाउने काम गर्छ।<br>➔ त्यसै कारण सोलारको तार पनि यहिँ जोडिएको हुन्छ, ब्याट्रिको लाइन पनि यही जोडिएको हुन्छ र बत्ति तथा लोर्डको लाइन पनि यहाँबाट निकालिएको हुन्छ। |

एम सी वि **(MCB)**

<table>
<tr><td></td><td>➔ एम सी वि (MCB) मा बढि भोल्टेजको झट्का आएको बेला यसले करेन्ट पठाउन दिँदैन।<br>➔ एम सी वि (MCB) अन गर्दा करेन्ट सम्बन्धित जोडिएको ठाउँमा पास हुन पाउँछ ।<br>➔ एम सी वि (MCB) अफ गर्दा करेन्ट कहिँ जान पाउँदैन ।</td></tr>
<tr><td colspan="2">➔ हब मा हाम्रो ३ ओटा एम सी वि (MCB) छन्।<br>◆ सोलार को एम सी वि (MCB): बायाँ वा बीच मा राखिएको हुन्छ। 40 DC वा 16 DC लेखिएको हुन्छ।<br>◆ ब्याट्री को एम सी वि (MCB): बायाँ वा बीच मा राखिएको हुन्छ। 63 DC वा 40 DC लेखिएको हुन्छ।<br>◆ लोड को एम सी वि (MCB):दाहिने पट्टि राखिएको हुन्छ। 16DC लेखिएको हुन्छ।</td></tr>
</table>

लोड **(Load)**

| | |
|---|---|
|   | ➔ लोड **(Load)** भनेको त्यस्तो उपकरण हो जसले बिजुली को खपत गराउँछ।<br>➔ हबमा त्यस्ता खपत गराउने कुराहरु “बाल्ने बत्ति”, “चारजिङ्ग स्टेशन” आदि छन्। |

चार्जिङ्ग स्टेसन **(Charging Station)**

| | |
|---|---|
|  |  |
| ➔ यहाँ हामिले मोबाइल, ट्याब्लेट चार्ज गर्छौं। | |

**Surge Protector** सर्ज प्रोटेक्टर

| | |
|---|---|
|  | ➔ यो उपकरणले बडी करेन्ट आएको बेला राउटर र एन्टिनालाई जोगाउने काम गर्छ। जस्तै चट्याङ परेको बेला । |

एस पी डी **(SPD)**

| | |
|---|---|
|  | ➔ यस उपकरणले बडी करेन्ट आएको बेलामा तथा चट्याङ्ग लागेको बेला हबको बिधुतिय प्रणालिलाई जोगाउन खोज्छ।<br>➔ यसको बिचको सुन्तला रङ्गको बक्सामा रहेको सेतो रङ्गको भाग रातो रङ्गमा परिवर्तन भयो भने एस.पी.डी (SPD) बिग्रिएको र काम गर्न छाड्यो भन्ने बुझिन्छ। |


एन्टिना **(Antenna)**

| | |
|---|---|
|  | ➔ यस उपकरणले बिना तार नेट लिएर राउटरमा नेट पठाउछ। |


राउटर **(Router)**

| १) माइक्रो-टिक (Mikrotik) | २) रुइजी (Ruijie) | ➔ यो उपकरणले एन्टिना/छाता वा फाइबर बाट आएको नेट लाइ लिएर वाइफाई दिने काम गर्छ। |
|---|---|---|
|  |  | |

टर्मिनल ब्लक **(Terminal Block)**

| | | |
|---|---|---|
|  |   |  |
| ➔ माथि देखाएका चित्रहरु थरी-थरी प्रकारका टर्मिनल ब्लक **(Terminal Block)** हुन् **।**<br>➔ यस उपकरण ले दुइ वा दुइ भन्दा बढि तार सजिलै जोड्न मद्दत गर्ने काम गर्दछ र टेप को प्रयोग पनि घटाउँछ। | | |

## ज) विधुतिय परिपथ तथा सर्किटको रेखाचित्र





## झ) बिधुतिय परिपथमा देखिन सक्ने केहि सम्भावित समस्या र तिनका समाधानका उपायहरू

कहिलेकाहीँ हबमा बत्ति नआउने र त्यसकारण नेट/ वाई फाई नचल्ने समस्या आउन सक्छन्। तल त्यस्ता केहि सम्बन्धित कारणहरु छन् जसले गर्दा हबमा समस्याहरू आएको हुन सक्दछ ।



### १ ) LOOSE WIRE (लुज वायर ) [ खुकुलो तार ]






- ➔ खुकुलो तार LOOSE WIRE (लुज वायर ) को कारण ले गर्दा पनि बत्ति नआउने समस्या हुन सक्छ।
- ➔ खुकुलो तार छ कि छैन त्यो थाहा पाउन तलका प्रक्रियाहरु गरि हेर्नुहोस
    - ◆ पहिला त तारहरु तानी हेर्नुहोस्, राम्ररी जोडेको रहेनछ भने तार निस्कन्छ।
    - ◆ निरन्तरता(continuity) जाँच गर्ने, निरन्तरता(continuity) जाँच गर्न तलको प्रक्रिया हेर्नुहोस।

| १ | २ |
|---|---|
|  |  |


➔ पहिले सुरु हामीले बिचको सुइ लाई ठिक ठाउँमा घुमाएर राख्नु पर्ने हुन्छ।

| ३ | ४ | |
|---|---|---|
|  |  | ➔ सुइलाई घुमाएर वाई-फाई जस्तो चिन्ह भएको ठाउँमा राख्नुहोस। वाई-फाई जस्तो चिन्ह जुन वास्तवमा ध्वनिको चिन्ह हो त्यसले निरन्तरता जनाउँछ।<br>➔ रातो र कालो सुइलाई एक-आपासमा छुवाउनुहोस, त्यसपछि टिँट टिँट आवाज निस्कन्छ।<br>➔ यदि अवाज निस्केन भने मल्टीमिटरको ब्याट्री सकिएको हुनसक्छ। |

| ५ | ६ |
|---|---|
|  |  |

- ➔ अब एउटा सुइ जुनसुकै रङको भएपनि हुन्छ, त्यो सुइ एम.पी.पी.टि **(MPPT)** को लोड**(LOAD)** को जोड **(+)** चिन्ह भएको प्वालमा छिराउनुहोस् र त्यसैगरी लोडको एम.सी.वि **(MCB)** को जोड **(+)** चिन्ह भएको प्वालमा छिराउनु, यति गर्दा खेरि टिट-टिट आवाज आयो भने तार ठिक छ। यदि तीट-तीट आवाज घरि आउने घरि जाने गर्न थाल्यो भने तार खुकुलो छ, त्यो तार कस्नुहोस् वा फेर्नुहोस्।
- ➔ यसै गरि घटाउ**(-)** चिन्हको निरन्तरता जाच गर्नुहोस्।
- ➔ यसै गरि एम.पी.पी.ति**(MPPT)** को **BATT** (ब्याट) लेखेको प्वालमा र ब्याट्रीको एम.सी.वि **(MCB)** को जोड**(+)** चिन्हमा जाँच गर्नुहोस्। त्यसपछि घटाउ **(-)** चिन्हको पानि जाँच गर्नुहोस् ।
- ➔ यसै गरि एम.पी.पी.ति**(MPPT)** को **PV** (पी.भी) वा **SOLAR**(सोलार) लेखेको प्वालमा र सोलारको एम.सी.वि**(MCB)** को जोड**(+)** चिन्हको जाँच गर्नुहोस्। त्यसपछि घटाउ**(-)** चिन्हको पनि जाँच गर्नुहोस् ।

## २) **Open Circuit** (ओपन सर्किट) **[खुल्ला बिधुतिय परिपथ]**

| | |
|---|---|
|  |  |
| ➔ खुल्ला तार धेरै जसो आँखाले देखिहालिन्छ, तर कहिलेकाहीँ तारहरु बाहिर ठिक देखेपनि भित्रको तामाको तार टुक्रिसकेको हुन सक्छ। <br> ➔ खुल्ला बिधुतिय परिपथ छ कि छैन थाहा पाउन माथिको जसरी **LOOSE WIRE** (लुज वायर ) जाँच गर्ने प्रक्रिया थाल्नुहोस्। खुल्ला बिधुतिय परिपथको अवस्थामा निरन्तरता जाँच गर्दा आवाज निस्किँदै निस्कदैन। | |


## ३) Short Circuit - सर्ट सर्किट

सर्ट सर्किट(**Short Circuit**) त्यति बेला हुन्छ जब करेन्टले अचानक हामिले बनाएको प्रणाली भन्दा छोटो बाटो भेटाउँछ र त्यतैबाट सबै करेन्ट पठाउँछ। यस्तो धेरै जस्तो रातो र कालो तार जोडिएको बेलामा हुन्छ वा जब उपकरणहरुको भित्रको तार जुधेको बेलामा हुन्छ। यसले गर्दा उपकरणहरु जलेर बिग्रने समेत गर्दछ।

सर्ट सर्किट(**Short Circuit**) भएको कसरी थाहा पाउने **?**



| | |
|---|---|
|  | ➔ धेरै नै ठुलो उपकरण जस्तै को ब्याट्रिमा सर्ट सर्किट(Short Circuit) भयो भने आगलागि पनि हुनसक्छ। |

- ➔ छोएर हेर्दा तारहरु धेरै नै तातो हुन्छन्
- ➔ सबै एम.सी.वि(**MCB**) बन्द गरेर छुदा खेरी एकछिनमै  चिसो हुन्छ तर फेरी एम.सी.वि (**MCB**) अन गर्दा फेरी एकैछिनमा तातो हुने हुन्छ।

| | |
|---|---|
|  | <br><br> |
| ➔ चार्जिंग स्टेसन हरु जल्छन् त्यहाँबाट एकछिनमा जलेको गन्द आउछ।<br>➔  चर्जिंग स्टेसनमा फ्युस(**FUSE**) हुन सक्छ त्यो फ्युस(**FUSE**) पनि भित्र बाट भाँचिएको हुन्छ। | |

मल्टीमिटर प्रयोग गरेर सर्ट सर्किट पत्ता लगाउने तरिका


मल्टीमिटर प्रयोग गर्ने प्रक्रिया तल हेर्नुहोस् र कसरी मल्टी मिटर प्रयोग गरेर सर्ट सर्किट(Short Circuit) पत्ता लगाउने बुझ्नुहोस् ।

<table>
<tr><td>१</td><td>२</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">➔ पहिले सुरु हामीले बिचको सुइ लाई ठिक ठाउँमा घुमाएर राख्नु पर्ने हुन्छ।</td></tr>
</table>


<table>
<tr><td>३</td><td>४</td><td rowspan="2">

- ➔ सुइलाई घुमाएर ध्वनिको चिन्ह भएको ठाउँमा राख्नुहोस् ।
- ➔ रातो र कालो सुइलाई एक-आपासमा छुवाउनुहोस, त्यसपछि टिट-टिट आवाज निस्कन्छ ।
- ➔ यदि अवाज निस्किएन भने मल्टीमिटरको ब्याट्री सकिएको हुनसक्छ ।
- ➔ अब पालैपिलो उपकरणहरुको जोड र घटाउ चिन्ह खोजि त्यहाँ रातो र कालो सुइ छिराउनुहोस । यदि टिट-टिट आवाज आयो भने त्यो उपकरण सर्ट-सर्किट छ भन्ने बुझिन्छ र त्यसलाई फेर्नुपर्दछ ।
- ➔ यसरी पालैपिलो सबै उपकरण जाँच गर्नुहोला । पहिला चार्ज-स्टेसनबाट सुरु गर्नु त्यसपछि एम.सी.वि **(MCB)** र एम.पि.पि.टि**(MPPT)** को पनि जाँच गर्नु होला ।

</td></tr>
<tr><td>




</td><td>



</td></tr>
</table>

## ४) एम.पी.पी.टि(MPPT) को एल.इ.डी (LED) बत्तिको संकेतहरू

एम.पी.पी.टि**(MPPT)** मा ३ ओटा एल.इ.डी**(LED)** बत्ति हुन्छ ति निलो, पहिलो र हरियो रङ्गको हुन्छ। यी बत्तिहरुले के भइरहेको छ एम.पी.पी.टि**(MPPT)** मा त्यसको संकेत देखाउछ।

<table>
<tr><td>१</td><td>२</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>➔ यदि तलको निलो बत्ति पिलिक-पिलिक गरि बलि रहेको छ भने यसको मतलब ब्याट्री चार्ज भैरहेको छैन<br>➔ यस्तो धेरैजस्तो घाम नलागेको बेला हुन्छ<br>➔ यदि घाम पनि लागिराछ र त्यही पनि निलो बत्ति यसरी पिलिक-पिलिक गरि बलिरहन्छ भने यसको मतलब बिधुतिय प्रणालीमा केहि समस्या भएको बुझिन्छ।</td><td>➔ यदि तलको निलो बत्ति पिलिक-पिलिक नगरी बलिरहन्छ भने यसको मतलब ब्याट्री चार्ज हुन थालेको छ<br>➔ एम.पी.पी.टि(MPPT) ले सके सम्म ब्याट्री छिटो-छिटो चार्ज गर्न थालेको छ।</td></tr>
</table>

<table>
<tr><td>३</td><td></td></tr>
<tr><td>
</td><td>➔ जब बिचको पहिलो बत्ति बलिरहन्छ भने यसको मतलब ब्याट्री लगभग ८०% चार्ज भएको छ र अब एम.पी.पी.टि(MPPT) ले बिस्तारै ब्याट्री चार्ज गर्न थाल्छ।</td></tr>
</table>



| ४ | ५ |
| --- | --- |
|  |  |
| ➔ माथिको हरियो बती बलिरहन्छ भने यसको मतलब ब्याट्री १००% चार्ज भईसक्यो।<br>➔ अब एम.पी.पी.टि(**MPPT**) ले पुरै चार्ज राखि रहनकोलागि एकदम बिस्तारै चार्ज गरिरहन्छ र सिधै लोडमा करेन्ट पठाउँछ। | ➔ यदि हरियो बत्ति पिलिक-पिलिक गर्दै बलिरह्यो भने एम.पी.पी.टि(**MPPT**) एकदम ताती सक्यो भनेर बुझिन्छ ।<br>➔ अब एम.पी.पी.टि(**MPPT**)ले चार्ज गर्न छोड्छ अनि तापक्रम कम नभए सम्म कुर्छ।<br>➔ तापक्रम कम भएपछि आफै पहिलाको जसरी चल्न थाल्छ।<br>➔ यदि तापक्रम कम हुन धेरै समय लगायो भने सबै एम.सी.वि(**MCB**) हरु बन्द गरि हेर्नुहोस्। |



| ६) | |
| --- | --- |
|  | ➔ तपाईँले ब्लु-टुथ वा भिक्ट्रन कनेक्ट एप मार्फत कनेक्ट गर्न लागेको बेला ३ वटै बत्ति पिलिक पिलिक गर्दै एकसाथ बल्छ। |

| ७ | |
|---|---|
|  | ➔ हरियो रंग र पहिलो रंगको बत्ति एकचोटी पिलिक पिलिक गर्दै बलिरह्यो भने यसको मतलब ब्याट्री वा सोलार प्यानल बाट एकदम बडी भोल्टेज आइरहेको छ भन्ने जनाउँछ।<br>➔ अब एम.पी.पी.टि(**MPPT**) ले चार्ज गर्न छोड्छ र भोल्टेज कम नभए सम्म कुर्छ ।<br>➔ भोल्टेज कम भएपछि पहिला जसरी नै काम गर्न सुरु गर्छ। |

| ८ | |
|---|---|
|  | ➔ यदि पहिलो रङ र निलो रंग को बत्ति पिलिक पिलिक गर्दै एक साथ बल्यो भने यसको मतलब  एम.पी.पी.ति(**MPPT**) मा भित्रि समस्या आएको छ।<br>➔ यस्तो खालको बत्ति बलेमा तुरुन्त खबर गर्नुहोस। |

# ञ) सोलार को भोल्टेज जाँच गर्ने तरिका

<table>
<tr><td>१</td><td>२</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">➔ पहिले सुरु हामीले बिचको सुइलाइ ठिक ठाउमा घुमाएर राख्नु पर्ने हुन्छ ।</td></tr>
</table>


<table>
<tr><th>३</th><th>४</th></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">

➔ मल्टीमिटरमा २ ओटा **“V”** हुन्छ। एउटा V⎓ र अर्को V~। V⎓ ले सोलार ब्याट्रीहरूको भोल्टेज नाप्छ भने V~ ले मेन लाइनहरूको भोल्टेज नाप्छ।

➔ हामीले सोलार र ब्याट्रीहरूको भोल्टेज नाप्नुपर्ने कारण पहिला यस्तो V⎓ खोज्नपर्यो।



➔ त्यसपछि सुइलाइ V⎓ भएको “२००” मा घुमाएर राख्नुहोस्।

</td></tr>
</table>



<table>
<tr><th>५</th><th></th></tr>
<tr><td>
</td><td>

➔ अनि कालो तारलाइ **“COM”** (कम) लेखेको बिचको प्वालमा छिराउनुहोस् र रातो तारलाई **“VmA”** लेखेको छेउको प्वालमा छिराउनुहोस्।

</td></tr>
</table>


| ६.१) ठिक भएको बेला | ६.२) समस्या आएको बेला |
|---|---|
|   |   |

- ➔ पहिला सुरु सोलारको एम.सी.वि**(MCB)** पत्ता लगाउनुहोस् । सोलारको एम.सी.वि**(MCB)** बायातिर वा बिचमा राखिएको हुन्छ । अनि एम.सी.वि**(MCB)** मा 16DC वा 40DC लेखेको हुन्छ ।
- ➔ अनि पहिला तलको एम.सी.वि**(MCB)** को प्वाल मा रातो र कालो तार छिराउनुहोस ।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ ।
- ➔ स्क्रिनमा अंक/नम्बर देखाए मतलब सोलार चलिरहेको भन्ने बुझिन्छ ।
- ➔ प्वाल मा रातो र कालो तार छिराउदा यदि अंक/नम्बर “0” शुन्य देखायो भने सोलार बाट नै खराबी आएको छ भन्ने बुझिन्छ ।

| ७.१) ठिक भएको वेला | ७.२) समस्या आएको बेला |
|---|---|
|   |   |

- ➔ दोस्रो चरणमा एम.सी.वि**(MCB)**को माथिल्लो प्वालमा रातो र कालो तार छिराउनुहोस ।



- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउछ।
- ➔ स्क्रिनमा पहिले चरणको ठ्याक्कै अंक/नम्बर देखाए मतलब एम.सी.वि**(MCB)** चलिरहेको छ भन्ने बुझिन्छ
- ➔ प्वालमा रातो र कालो तार छिराउदा यदि अंक/नम्बर“0”शुन्य देखायो भने एम.सी.वि**(MCB)** नै खराबी आको छ भन्ने बुझिन्छ

| ८.१) ठिक भएको वेला | ८.२) समस्या आएको बेला |
|---|---|
|   |   |

- ➔ तेस्रो चरणमा एम.पी.पी.ति**(MPPT)** को पी.भी **”PV”** लेखेको २ टा प्वालमा रातो र कालो तार छिराउनुहोस।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउछ।
- ➔ स्क्रिनमा पहिले चरणको ठ्याक्कै अंक/नम्बर देखाए मतलब एम.पी.पी.ति**(MPPT)**चलिरहेको छ भने बुझिन्छ
- ➔ प्वालमा रातो र कालो तार छिराउदा यदि अंक/नम्बर “0” शुन्य देखायो भने एम.पी.पी.ति**(MPPT)** मा खराबी आको छ भन्ने बुझिन्छ।



# ट) ब्याट्रिको भोल्टेज जाँच गर्ने तरिका

माथिको ञ) सोलार को भोल्टेज जाँच गर्ने तरिका बिषयको नम्बर १ देखि ५ सम्मको प्रक्रिया गर्नुहोस्।



<table>
<tr><td>६.१) ठिक भएको वेला</td><td>६.२) समस्या आएको बेला</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">

- ➔ पहिला सुरु ब्याट्रीको एम.सी.वि(**MCB)** पत्ता लगाउनुहोस्। बेटरीको एम.सी.वि(**MCB)** बायाँतिर वा बिचमा राखिएको हुन्छ। अनि एम.सी.वि(**MCB)** मा **40DC** वा **63DC** लेखिएको हुन्छ।
- ➔ अनि पहिला एम.सी.वि(**MCB)**को तलको प्वालमा रातो र कालो तार छिराउनुहोस।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ।
- ➔ स्क्रिनमा अंक/नम्बर देखाएको मतलब ब्याट्रीमा चार्ज रहेछ भन्ने बुझिन्छ। अंक/नम्बर २४-३० को बिचमा देखिएको हुन्छ।
- ➔ प्वालमा रातो र कालो तार छिराउँदा यदि अंक/नम्बर “0” शुन्य देखायो भने ब्याट्रीमा चार्ज छैन भन्ने बुझिन्छ।

</td></tr>
</table>

| ७.१) ठिक भएको वेला | ७.२) समस्या आएको बेला |
|---|---|
|   |   |

- ➔ दोस्रो चरणमा एम.सी.वि(**MCB**) को माथिल्लो प्वालमा रातो र कालो तार छिराउनुहोस।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ।
- ➔ स्क्रिनमा पहिलो चरणको ठ्याक्कै अंक/नम्बर देखाए मतलब एम.सी.वि(**MCB**) चलिरहेको छ भन्ने बुझिन्छ
- ➔ प्वालमा रातो र कालो तार छिराउदा यदि अंक/नम्बर “0” शुन्य देखायो भने एम.सी.वि(**MCB**) मा नै खराबी आएको छ भन्ने बुझिन्छ।



<table>
<tr><th>८.१) ठिक भएको वेला</th><th>८.२) समस्या आएको बेला</th></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">

- तेस्रो चरणमा एम.पी.पी.टि(**MPPT**) को "**BATT**" लेखेको २ टा प्वालमा रातो र कालो तार छिराउनुहोस्।
- त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ।
- स्क्रिनमा पहिले चरणको ठ्याक्कै अंक/नम्बर देखाए मतलब एम.पी.पी.टि(**MPPT**) चलिरहेको छ भन्ने बुझिन्छ ।
- प्वाल मा रातो र कालो तार छिराउँदा यदि अंक/नम्बर"0" देखायो भने एम.पी.पी.टि (**MPPT**)मा खराबी आएको छ भन्ने बुझिन्छ ।



</td></tr>
</table>

## ठ) लोडको भोल्टेज जाँच गर्ने तरिका

माथिको ञ) सोलार को भोल्टेज जाँच गर्ने तरिकाको नम्बर १ देखि ५ सम्मको प्रक्रिया गर्नुहोस्।



| ६.१) ठिक भएको वेला | ६.२) समस्या आएको बेला |
|---|---|
|  |  |

- ➔ पहिलो चरणमा एम.पी.पी.टि(**MPPT**)को **"LOAD"**लोड लेखेको २ टा प्वाल मा रातो र कालो तार छिराउनुहोस्।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ।
- ➔ स्क्रिनमा अंक/नम्बरदेखाए मतलब एम.पी.पी.टि(**MPPT**) चलिरहेको छ भन्ने बुझिन्छ। अंक/नम्बर २४-३० को बिचमा देखिएको हुन्छ।
- ➔ प्वाल मा रातो र कालो तार छिराउँदा यदि अंक/नम्बर"0" देखायो भने एम.पी.पी.टि(**MPPT**) मा खराबी आएको छ भन्ने बुझिन्छ।

| ७.१) ठिक भएको वेला | ७.२) समस्या आएको बेला |
|---|---|
|  |  |

- ➔ दोस्रो चरण मा एम.सी.वि (**MCB**) को माथिल्लो प्वालमा रातो र कालो तार छिराउनुहोस।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ।

- ➔ स्क्रिनमा पहिले चरणको ठ्याक्कै अंक/नम्बर देखाए मतलब एम.सी.वि**(MCB)**चलिरहेको छ भन्ने बुझिन्छ
- ➔ प्वालमा रातो र कालो तार छिराउँदा यदि  अंक/नम्बर “0” देखायो भने एम सी वि मा नै खराबी आएको छ भन्ने बुझिन्छ ।

| ८.१) ठिक भएको बेला | ८.२) समस्या आएको बेला |
|---|---|
|  |  |


- ➔ अब लोड**(LOAD)**को एम.सी.वि**(MCB)** पता लगाउनुहोस् । लोडको एम सी वि दायाँतिर राखिएको हुन्छ । अनि एम सी वि मा **16DC** लेखिएको पनि हुन्छ ।
- ➔ अनि एम.सी.वि**(MCB)** को तलको प्वालमा रातो र कालो तार छिराउनुहोस् ।
- ➔ त्यसपछि मल्टीमिटरको स्क्रिनमा अंक/नम्बर देखाउँछ ।
- ➔ स्क्रिनमा पहिले चरणको अंक/नम्बर देखाउनुको मतलब  एम.सी.वि**(MCB)** बाट करेन्ट बत्तीमा गइरहेको छ । करेन्ट गएपनि बत्तिहरु बलिराखेको छैन र चार्जिङ्ग स्टेसनमा पनि चलिरहेको छैन भने यसको मतलब खराबी उपकरणहरुमा छ भन्ने बुझिन्छ ।
- ➔ प्वालमा रातो र कालो तार छिराउँदा यदि अंक/नम्बर “0” शुन्य देखायो भने एम.सी.वि**(MCB)** मा नै खराबी आएको छ भन्ने बुझिन्छ ।


# ड) इन्टरनेटको समस्या र समाधानहरू

## १) इन्टरनेटको गति (ढिलो चलिराखेको छ कि छिटो) कसरि थाहा पाउने ?



### १.१) **speedtest.net** (स्पीड टेस्ट डट नेट)



| | |
|---|---|
| SPEEDTEST | ➔ यो एउटा वेबसाइट हो जसले तपाईंको मोबाइल,ट्याब्लेट वा ल्यापटप मा नेट/ वाइफाई कतिको गतिले चलिराछ त्यो गति देखाउँछ। <br> ➔ यो वेबसाईट खोल्नको लागि तलका प्रक्रियाहरू अपनाउनुहोस्। |

| १) | |
|---|---|
|   | ➔ पहिला सुरु **"Chrome"** (क्रोम) एप मोबाइल वा ट्याब्लेटमा खोज्नुहोस् र खोल्नुहोस्। <br> ➔ **"Chrome"** (क्रोम) ले वेबसाईटहरू खोल्न अर्थात ब्राउज गर्न मददत गर्दछ। |

| २) | |
|---|---|
|   | ➔ **"Chrome"** (क्रोम) खुले पछि त्यहाँ **"Search"** (सर्च) लेखेको बाकसमा थिच्नुहोस्। <br> ➔ यो बक्सालाई **"Search Bar"** (सर्च बार) भनिन्छ। <br> ➔ **"Search Bar"** (सर्च बार) मा खोज्नुपर्ने बिषय टाइप गरि इन्टरनेटमा हामीले फरक-फरक बिषयहरुको बारेमा खोज्न सक्छौँ। |

| ३) |
| --- |
| → **“Search Bar”** (सर्च बार) मा थिचिसकेपाची कि-बोर्ड आउँछ ।<br>→ कि-बोर्डमा तपाइले **“speedtest.net”** भनेर टाइप गर्नुहोस् । |

| ४) | ५) |
| --- | --- |
|  |  |
| → **“speedtest.net”** (स्पिड टेस्ट डट नेट) टाइप गर्नु भएपछि कि-बोर्ड तलको निलो बटन मा थिच्नुहोस । | → अब **“speedtest.net”** (स्पिड टेस्ट डट नेट) को वेब-साइट खुल्छ । |



<table>
<tr><td>६)</td><td></td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td>

- बिचको गोलो भित्रको **“GO”** (गो) लेखेको बटनमा थिच्नुहोस्।
- अब नेट/वाइफाईको गति नाप्न सुरु हुन्छ।

</td><td>


- यदि  **“GO”** (गो) थिचेपछि यस्तो म्यासेज देख्नुभयो भने दायाँ पट्टिको **“Allow”**(अ- लाओ) थिच्नु होस्।
- यो वेब-साइटले तपाईंको ठेगाना थाहा पाउन अनुमति मागिराखेको हो र तपाईंले **“Allow”**(अ- लाओ) मा थिचेर अनुमति दिँदै हुनुहुन्छ।

</td></tr>
</table>

<table>
<tr><td>७.१</td><td>७.२</td><td>७.३</td></tr>
<tr><td>
</td><td>
</td><td>
</td></tr>
<tr><td colspan="3">

- गति नापिराखेको बेला माथि देखेका चित्रहरु जसरी सुइ चल्न थाल्छ ।
- तपाईँले सुइ तल को नम्बरमा ध्यान दिनु होस् ।
- नम्बर जति बढि आयो त्यति तपाईँको नेट/ वाई फाईको गति राम्रो छ भनेर बुझ्न सकिन्छ ।
- सामन्य बेला नेट/ वाई फाई चलाउने मान्छे(प्रयोगकर्ता) कम भएको बेला ५ देखि १५ सम्म हुनु पर्छ । त्यो भन्दा बदी भए झन् राम्रो मानिन्छ ।

</td></tr>
</table>

<table>
<tr><td colspan="2">८)</td></tr>
<tr><td>
</td><td>

- गति नाप्न सकेपछि अन्तिम नतिजा देखाउँछ ।
- यदि गति ३ भन्दा तल छ भने कि त प्रयोग कर्ता बढि छ भन्ने अनुमान लगाउन सकिन्छ ।
- यदि प्रयोग कर्ता कम हुदा पनि ३ भन्दा तल छ भने प्राविधिक समस्याका कारण यस्तो भएको हुन सक्छ, तपाईँले नेट/वाइफाई को अफिसमा तुरुन्तै सम्पर्क गर्नुहोस् र **TFA CSO Group** नामको समुहमा पनि यसको खबर गर्नुहोस् **।**

</td></tr>
</table>


## २) राउटर को बत्तिको संकेत

राउटर बिग्रेको कारणले गर्दा पनि नेट/ वाइफाई नचलेको हुन सक्छ। राउटर चलिरहेको छ कि छैन त्यो हामि राउटरमा बल्ने बत्तिको संकेतले पनि थाहा पाउन सक्छौ।

हबमा प्राय २ प्रकारका राउटरहरु हुन्छन।

| १) माइक्रो-टिक (Mikrotik) | २) रुइजी (Ruijie) |
| --- | --- |
|  |  |

### २.१) माइक्रो-टिक (MikroTik) राउटर


| १) | | |
| --- | --- | --- |
|  |  |  |
| ➔ माइक्रो-टिक राउटरमा दायाँतिर वाइ-फाईको चिन्ह र १ देखि ५ सम्म नम्बर | | |

भएको बत्तिहरु हुन्छ।

- ➔ यो राउटर चलिरहेको बेला यी बत्तीहरु त्यहाँ जडान गरेको तार अनुसार हरियो वा रातो रङले बलिरहन्छ।
- ➔ यदि राउटरमा कुनै पनि बत्ति बलिरहेको छैन भने यसको मतलब राउटर चलि रहेको छैन, राउटरमा करेन्ट आइरहेको छैन भन्ने बुझिन्छ। कि त तपाईँको बिधुतिय प्रणालीमा समस्या छ वा राउटर बिग्रिएको हुन सक्छ।

२)




- ➔ हबको राउटरमा धेरै जस्तो वाईफाई को चिन्हमा हरियो बत्ति र ५ नम्बरको मा रातो बत्ति बलिरहेको हुन्छ।
- ➔ यदि यी दुइ मध्ये कुनै एउटा पनि बत्ति बलिरहेको छैन भने यसको मतलब राउटर या राउटर को तारमा केहि समस्या छ।
- ➔ एकदम ध्यान राख्नुपर्ने कुरो, ५ नम्बरको रातो बत्ति सदावहार बलिरहन्छ। यदि रातो बत्ति पिलक-पिलिक बलिरहेको छ भने राउटर बिग्रेको भन्ने संकेत हुन्छ। यस्तो देखेमा पनि नेट/वाइफाई चल्दैन। तुरुन्त **TFA CSO Group** मा खबर गर्नुहोस् ।
- ➔ यदि राउटरबाट अरु ठाउँमा पनि तार लगिएको छ भने २-४ नम्बरको बत्तिहरुमा पनि हरियो बल्छन् ।

## २.२) रुइजी (Ruijie) रौटर

<table>
<tr><td>१.१)</td><td>१.२)</td><td>१.३)</td></tr>
<tr><td rowspan="3"></td><td rowspan="3"></td><td></td></tr>
<tr><td>१.४)</td></tr>
<tr><td></td></tr>
<tr><td colspan="3">➔ रुइजी को राउटरमा एल.इ.डी(L.E.D) बत्तिहरु हुन्छन जुनमा निलो र सेतो बत्ति बल्छन् ।<br>➔ यदि राउटरमा कुनै पनि बत्ति बलिरहेको छैन भने यसको मतलब राउटर चलि रहेको छैन, राउटरमा करेन्ट आइरहेको छैन भन्ने बुझिन्छ । कि त तपाईँको बिधुतिय प्रणालीमा समस्या छ वा राउटर बिग्रिएको हुन सक्छ ।</td></tr>
</table>

| २) | |
|---|---|
|  | ➔ राउटर चलिरहेको बेला ३ ओटा एल.इ.डी **(LED)** मा सेतो बत्ति बल्छ । |
|  | ➔ राउटर चलिरहेको बेला १ ओटा एल.इ.डी **(LED)** मा निलो बत्ति बल्छ । |

### ३)इन्टरनेट सेवा प्रदानगर्ने संस्थाको समस्या

धेरै जस्तो बेला नेटको अफिसबाट पनि समस्या भैराखेको हुन्छ। त्यसैले यदि राउटर ठिक छ भने तपाईँले नेटको अफिसमा (आइ एस पी **[ISP]**)मा सम्पर्क गर्नुहोस्। त्यहाँ तपाईँले आफ्नो हबको ठेगाना र युसर आइ डी **(User ID)** भन्नुहोस् र नेट नचलेको समस्या बताई दिनुहोस्।

आइ एस पी **[ISP]** को सम्पर्क नम्बर **: …………………………………………….**

आइ एस पी **[ISP]** को सम्पर्क नम्बर **[**वैकल्पिक**] : ……………………………..**

तपाईँको हबको युजर आइ डी **(User Id): ………………………………………**

## ढ) हबमा चट्याङ परिसके पछि के गर्ने ?

हबमा चट्याङबाट जोगाउनको लागि भनेर पहिले नै व्यवस्थित अर्थिङ्ग (**Earthing)** र सर्ज प्रोटेक्टर**(Surge Protector)** हरू जडान गरिएको हुन्छ।

### के हो सर्ज प्रोटेक्टर(Surge Protector) ?






- ➔ सर्ज प्रोटेक्टर**(Surge Protector)** त्यस्ता उपकरणहरु हुन् जसले बढि करेन्ट आएको बेला (जस्तै चट्याङको बेला) आफु बिग्रेर करेन्टलाई अरु उपकरणहरू भएको ठाउँमा जान दिँदैन।
- ➔ यसले पुरै सामान/उपकरणहरु जोगाउँछ नै भनेर ढुक्क भने हुन सकिन्न।

### चट्याङ परिसके पछि के गर्ने? त्यसका लागि तलका प्रक्रियाहरु हेर्नुहोस्।

१) हबमा बत्ति आइराखेको छ की छैन हेर्ने।

यदि हबमा बत्ति र नेट चलिराखेको छ भने चट्याङले खासै असर नगरेको र धेरै क्षति नभएको भनेर हामि बुझ्न सक्छौं। त्यही पनि चट्याङले कुनै सामानहरु कमजोर बनाएको हुनसक्छ र सर्ज प्रोटेक्टर**(Surge Protector)** हरू क्षति भएको हुनसक्छ। त्यसैले तलका प्रक्रियाहरु अनिवार्य हेर्नु होस्।

२) धेरै जलिरहने ठाउँमा पहिले हेर्ने।

धेरै जलिरहने ठाउँहरू निम्नानुसार छन्:

Surge Protector

| | |
|---|---|
|  |  |
| ➔ यो सेतो बक्स जस्तो आकारको सर्ज प्रोटेक्टर को छेउ-छेउ मा जलेर कालो भएको हुनसक्छ।<br>➔ यो सर्ज प्रोटेक्टरले राउटर र माथि छतमा रहेको एन्टिना बचाउने काम गर्छ त्यही भएर यो संग जोडिएको नेटको तार पनि जलेको हुन सक्छ। | |
| समाधानको उपाय | |
| ➔ यो सर्ज प्रोटेक्टर बिग्रिएको रिपोर्ट गर्ने र फेर्न को लागि अनुरोध गर्ने।<br>➔ अर्को सर्ज प्रोटेक्टर आएपछि त्यसलाई जडान गर्ने। | |


एस पी डी (SPD)

| | | |
|---|---|---|
|  |  | ➔ एस पी डी **(SPD)** मा भएको सेतो भाग रातो भएको हुन्छ।<br>➔ एस पी डी **(SPD)** मा पनि हरियो तार जोडेको हुन्छ त्यो पनि जलेर कालो भएको छ कि छैन हेर्नु होस् । |
| | | समाधानको उपाय |
| | | ➔ रातो भएको भाग झिक्न मिल्छ, त्यो भागलाई झिकी अर्को नयाँ फेर्ने।<br>➔ हरियो तार जलेको रहेछ भने तार पनि फेर्ने । |

राउटर (Router)

<table>
<tr><td></td><td></td></tr>
<tr><td colspan="2">➔ राउटर क्षति भएको बेला छेउ छेउ मा जलेर कालो भएको हुन्छ र गन्ध पनि निस्कन्छ ।<br>➔ राउटरसँग जोडिएको नेटको तार पनि जलेको हुन सक्छ ।</td></tr>
<tr><td colspan="2">समाधान</td></tr>
<tr><td colspan="2">➔ राउटर बिग्रिएको रिपोर्ट गर्ने र फेर्नको लागि अनुरोध गर्ने ।<br>➔ अर्को राउटर आएपछि जडान गर्ने ।<br>➔ नेटको तार पनि जलेको रहेछ भने नेटको तार पनि फेर्ने ।</td></tr>
</table>

सोलार चार्ज कन्ट्रोलर (MPPT Solar Charge Controller)



<table>
<tr><td rowspan="3"></td><td>➔ एम.पी.पी.टि सोलार चार्ज कन्ट्रोलर (MPPT) को छेउबाट हरियो तार निस्किरहेको हुन्छ । यो हरियो तार अर्थिङ्ग(Earthing) को लागि भनेर राखिएको हुन्छ ।<br>➔ यो हरियो तार पनि जलेर कालो भएको हुन सक्छ ।</td></tr>
<tr><td>समाधान</td></tr>
<tr><td>➔ जलेको हरियो तार फेर्ने ।</td></tr>
</table>

एम सी बि (MCB)

|  |  |
|---|---|



- ➔ एम सी वि **(MCB)** हरु पनि जलेको हुन सक्छ ।
- ➔ एम सी वि **(MCB)** नजलेको जस्तो देखे पनि यसले काम नगरेको हुन सक्छ ।
- ➔ एम सी वि **(MCB)** बिग्रेको हो होइन पत्ता लगाउन हामीले मल्टीमिटर चलाउन पर्ने हुन्छ ।

➔ मल्टीमिटर चलाउनको लागि तलको प्रक्रिया हेर्नुहोस :

| १ | २ |
|---|---|
|  |  |



➔ पहिले सुरु हामीले बिचको सुइलाइ ठिक ठाउँमा घुमाएर राख्नुपर्ने हुन्छ ।

<table>
<tr><td>३</td><td>४</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">


➔ मल्टीमिटरमा २ ओटा **“V”** हुन्छ। एउटा V⎓ र अर्को V~ ।

➔ V⎓ ले सोलार ब्याट्री हरुको भोल्टेज नाप्छ भने V~ ले मेन-लाइनहरुको भोल्टेज नाप्छ।

➔ हामीले सोलार र ब्याट्रीहरूको भोल्टेज नाप्नु पर्ने कारणले पहिला यस्तो V⎓ खोज्नपर्यो।

➔ त्यसपछि सुइलाई V⎓ भएको **“२00”** मा घुमाएर राख्नुहोस्।

</td></tr>
</table>

<table>
<tr><td>५</td><td></td></tr>
<tr><td>
</td><td>



➔ अनि कालो तारलाइ **“COM”** (कम) लेखेको बिचको प्वालमा छिराउनुहोस र रातो तारलाई **“VmA”** लेखेको छेउको प्वालमा छिराउनुहोस।

</td></tr>
</table>

<table>
<tr><td>६)</td><td></td></tr>
<tr><td></td><td>

➔ अब तपाईँले सोलार को एम सी वि **(MCB)** पत्ता लगाउनु पर्ने हुन्छ। सोलार को एम सी वि **(MCB)** कि देब्रे/बायाँ तिर वा बिचमा राखिएको हुन्छ। सोलारको एम सी वि **(MCB)** मा माथि **16DC** वा **40DC** लेखेको हुन्छ। बेट्रीको मा **40DC** वा **63DC** लेखेको हुन्छ। लोडमा **16 DC** लेखेको हुन्छ र सधै दायाँतिर राखिएको हुन्छ।<br>
➔ यसरी एम सी वि **(MCB)** को नम्बर र ठाउँ हेरेर सोलारको एम सी वि **(MCB)** पत्ता लगाउनुहोस्।

</td></tr>
</table>

<table>
<tr><td>७.१) बिग्रेको अबस्था</td><td>७.२) नबिग्रेको अबस्था</td></tr>
<tr><td>
</td><td>
</td></tr>
<tr><td colspan="2">

➔ सोलारको एम सी वि **(MCB)** पत्ता लगाएपछि अब मल्टीमिटरबाट निक्लेको रातो-कालो सुइलाई त्यहाँको प्वालमा छिराउनुपर्ने हुन्छ।<br>
➔ जहिले पनि एम सी वि **(MCB)** को तलको २ ओटा प्वालमा सुइ छिराउनुपर्ने हुन्छ।<br>
➔ एम सी वि **(MCB)** तल जोड (+) र घटाउ (-) को चिन्ह हुन्छ। तपाईँले रातो सुइलाई जोड(+) चिन्ह भएको प्वाल र कालो सुइलाई घटाउ(-) चिन्ह भएको प्वालमा छिराउनुहोस्। सुइले प्वालमा अलि बल लगाएर घोच्नुहोला।<br>
➔ यदि दुइटै सुइ छिराएपछि स्क्रिनमा नम्बर "**0**"(शुन्य) देखाइ रह्यो भने त्यसको मतलब एम सी वि **(MCB)** बिग्रेको छ र नयाँ एम सी वि (MCB) हाल्नु पर्दछ।



</td></tr>
</table>

➔ यदि दुइटै सुइ छिराएपछि स्क्रिनमा नम्बर **“0”(**शुन्य**)** बाहेक अरु नम्बर देखायो भने त्यसको मतलब एम सी वि (MCB) बिग्रेको छैन। प्राय नबिग्रेको एम सी वि (MCB) मा ४० देखि ५० सम्म नम्बर देखाउँछ।

एन्टिना (Antenna)

| | |
|---|---|
|  | ➔ माथि राखेको एन्टिना **(Antenna)** छाता को पछाडी कालो वा खैरो जलेको देख्न सकिन्छ।<br>➔ एन्टिना बिग्रेको रहेछ भने नेट/ वाइफाई चल्दैन<br>➔ एन्टिना **(Antenna)** छातामा भएको नेटको तार पनि जलेको हुन सक्छ। |
| समाधान | ➔ एन्टिना **(Antenna)** बिग्रेको तुरुन्त खबर गर्नुहोस् र नया एन्टिना **(Antenna)**को अनुरोध गर्नुहोस्। |

टर्मिनल ब्लक (Terminal Block)

| | | |
|---|---|---|
|  |  |  |
| ➔ माथि देखाएका चित्रहरु सब थरी-थरी प्रकारका टर्मिनल ब्लक **(Terminal Block)** हुन्<br>➔ जता-जता यी टर्मिनल ब्लक **(Terminal Block)** छन् त्यहाँ जलेको छ कि भनेर हेर्नुहोस<br>➔ यहाँ पनि जलेर कालो वा खैरो रँग देख्न सक्नु हुन्छ ।<br>➔ साथै यहा जोडेका तारहरु पनि जलेको हुन सक्छ। | | |
| समाधान | | |
| ➔ जलेका टर्मिनल ब्लक **(Terminal Block)** र तारहरु फेर्ने। | | |